


Downloaded from http://www.dhammadigital

# धर्म मरेको छैन




**लेखक**

भिक्षु अश्वघोष

संघाराम

**अनुवादक**

भिक्षु संघरक्षित

Downloaded from http://www.dhamma.digital

**प्रकाशक**:

भिक्षु अश्वघोष महास्थविर स्मृति ग्रन्थमाला
काठमाडौं, नेपाल ।
फोन: ४२५९११०

**कम्प्यूटर/ले-आउट**: सत्यसन्देश डेस्क (सन्जु महर्जन)

**कभर डिजाइनर**: भिक्षु संघरक्षित

**प्रकाशन**: बु.सं. २५५६, वि.सं. २०६९
ने.सं. ११३३, इ.सं. २०१२

**प्रथम संस्करण**: १००० प्रति ।

**मूल्य**: धर्मदान

**मुद्रण**: प्रिन्ट वे, डल्लु-चागल, काठमाडौं ।

**ISBN** 978-9937-2-5621-6

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

धर्म भनेको मानिसको मूल्य बढ्ने गुण हो, चिन्ह हो। पशु र मानिस फरक भएको नै धर्मले गर्दा हो। खाने, सुत्ने, भयभित हुने, मैथुन यी चार वटा कुराहरू पशुहरूले पनि गर्ने गर्दछन्। पशुहरूमा धर्म छैन। मानिसहरूमा विवेक बुद्धि र धर्म छ। विवेक बुद्धि र धर्म नहुँदा मानिस पनि पशुसमान हुनजान्छ।

पहिला पहिलादेखि मानिसहरू राम्रा पनि छन्, नराम्रा पनि छन्। आजभोलि जस्तो हो त्यसरी नै पहिला पहिला पनि स्वार्थी, आफ्नो दोष शुद्ध नगरी अरूको मात्र दोष देख्ने बानि रहेछ भन्ने कुरा जातक कथाहरू र अरू कथाहरूमा देखिन्छ। यसका बावजुद पनि धर्म चेतना भएका अलि अलि भए पनि पहिलादेखि अहिलेसम्म बाँकी रहेकै छ। पापभन्दा धर्मको शक्ति बलियो छ, जीवन राम्ररी बिताउन धर्म नभई हुँदैन भन्ने धेरैलाई विश्वास छ। शान्तिको लागि धर्म नभई हुँदैन भन्ने कुरा बुझाउनको



Downloaded from http://www.dhamma.digital

लागि बुद्धकालीन घटनाहरू र अहिलेका घटनाहरू राखी धर्म मरेको छैन भन्ने प्रमाण प्रस्तुत गरेको छु। धर्म चिरस्थायी गर्न पूजा पाठसँगै सेवाभाव पनि नभई हुँदैन भन्ने कुरा बुझाउनको लागि घटनात्मक कथाहरू यसमा समावेश गरेको छु।

सुख दुःख भनेको आ-आफ्नो कामअनुसार हुने हो। काम राम्रो भए, मन शुद्ध भए धर्म बलियो हुन्छ, धर्म धेरै समयसम्म टिक्छ। अरूलाई उपकार हुने काम गर्न सकेमा पहिला पापकर्म गरेको भएता पनि राम्रो काम गर्नाले त्यसलाई छोप्न सकिन्छ भन्ने कुरा भगवान् बुद्धले भन्नुभएको छ।

Dhamma.Digital

**यस्स पापं कतं कम्मं, कुसलेन पिथीयति।**
**सोमं लोकं पभासेति, अब्भा मुत्तोव चन्दिमा॥**

अर्थः जसले पहिला पाप गरेर पछि शुद्ध मनले धर्म गरी त्यसलाई छोप्न सक्छ, उसले यो संसारलाई झलमल्ल बनाउँछ, बादलबाट छुटेको चन्द्रमाझैं।



Downloaded from http://www.dhamma.digital

संसारमा धेरै बदमासहरू छन्, पापीहरू छन् तर सधैं पापी भइराख्दैन। पछि सज्जन हुनेहरू छन्। यो पुस्तकमा त्यस्ता घटनाहरू धेरै नै समेटेको छु। विशेष पूजा पाठसँगै सेवाभावना धर्मले पहिला गरिआएको पापलाई अवश्य छोप्न सकिन्छ, दमन गर्न सकिन्छ।

बदमासहरू सज्जन भएको, झैंझगडा कलह चाँडै शान्त भएको नै धर्म भएर हो भन्ने कुरा बुझाउनको लागि घटनात्मक कथाहरू समेटिएको यो पुस्तक पढ्नेहरूले छिट्टै बुझेर लिन्छन् भन्ने आशा लिएको छु।

यस्तो पुस्तक प्रचार गर्नु पनि एउटा धर्म हो किनभने यस्तो पुस्तक पढेर मानिसहरूमा धर्मचेतना भएर आउँछ। त्यसबाट धर्म चित्त बलियो हुन्छ। अनि शान्ति हुन्छ।

**भिक्षु अश्वघोष**
**संघाराम**



Downloaded from http://www.dhamma.digital

# मेरो अन्तिम इच्छा

जीवनको कुनै ठेगाना छैन। श्वास बन्द भयो कि प्राण जान्छ। अब म ८६ वर्ष भएं। अरू कुनै रोग नभएता पनि धेरै थकाई लाग्छ। एक घण्टा पुस्तक हेरें भने दुई घण्टा आराम लिनुपर्छ।

यहाँ लेख्न लागेको मेरो पहिलाको अन्तिम इच्छा- म जहाँ मर्नेछु, त्यहीं नै दाहसंस्कार गर्ने। हाल म धेरैजसो संघाराममा बस्छु। त्यसो भनेको संघाराममा मरें भने विष्णुमती खोलाको छेउमै दाहसंस्कार गर्ने। म कहिलेकाहीं बनेपामा पनि बस्छु। त्यहाँ मरें भने त्यहीं नै दाहसंस्कार गर्ने। कहिलेकाहीं लुम्बिनीमा पनि बस्न जाने गर्दछु। त्यहाँ मरें भने त्यहीं नै दाहसंस्कार गर्ने। यो मेरो अन्तिम इच्छापत्र लेखेर भिक्षु महासंघलाई एक लाख रूपियाँ दिएको छु। म जहाँ मरे पनि दाहसंस्कार गर्नको लागि र त्यहाँ आउनु भएका भन्ते-गुरूमाँ (अनगारिका) हरूलाई दक्षिणा दिनको लागि भनेर। लाख रूपियाँ दिइराखेको दुई वर्ष हुनलाग्यो।



Downloaded from http://www.dhamma.digital

जात्रासात्रा गरिराख्नु जरूरी छैन। यो मेरो अन्तिम इच्छा हो।

अर्को एउटा दुइटा मेरो र संघारामको बारेमा केही कुरा उल्लेख गर्न लागेको छु। हाल धेरै जसो म संघाराममा बस्छु। संघाराम पछिसम्म टिकिरहोस् भन्ने इच्छा छ। वि.सं. २०३८ सालमा द्वारिका दास श्रेष्ठ र रत्नमाया शाक्य (पछि धर्मरक्षिता गुरूमाँ) दुई जनाको दायकत्वमा भिक्षु मैत्रीको सहयोगले भिक्षु तालिम केन्द्र स्थापना भएको हो। चार पाँच वर्षपछि मेरै कमजोरीले संचालन भएन।

पहिलो १० जना कुलपुत्रहरू प्रव्रजित भएकाहरूमा सबैभन्दा ज्येष्ठ भिक्षु भद्दिय हुन्।

भिक्षु विनीत श्रीलंका जानुभई पढेर आजभोलि अमेरिकामा धर्म प्रचार गरिरहनु भएको छ।

अरू दुई जना भिक्षु उपतिस्स र भिक्षु आनन्द संघाराममा छन्। उपतिस्स उत्तराधिकारीझैं भएर काम



Downloaded from http://www.dhamma.digital

गरिरहेका छन्। अर्को भिक्षु आनन्द निवर्तमान सभासद् हुन्। आनन्दले सरकारबाट ५ लाख अनुदान प्राप्त गरी संघाराम धम्महल र भान्छाघर मर्मत र निर्माण काम गरिदिए। राम्रो पनि भयो, सुविधामुखी पनि भयो। अर्को उनीहरूको काम संघाराममा प्रौढ बौद्ध कक्षा खोलेर हरेक शनिवार मज्झिमनिकायको कक्षा चलाइरहेका छन्। कहिलेकाहीं यस पंक्तिका लेखकले पनि कक्षा लिइरहेको छ। त्यसमा पढ्नेहरूको संख्या धेरै नभए पनि पि.एच.डी. पास भएका र अन्य बुद्धिजीवि विद्यार्थीहरू छन्।

भिक्षु तालिम केन्द्रमा जन्म भएका सबैभन्दा ठूलो भिक्षु भद्दिय हाल पाटनको यम्पि विहारमा प्रमुख भएझैं विहार उन्नति भयो। धर्मदेशना भनेर परित्राण पाठ गरेर धर्मप्रचार गरिराखेका छन्।

भिक्षु मंगल ताइवानमा बसी संस्कृत् र पालि भाषा पढाइराखेका छन्। उनी नेपालमा आउँदा औषधी गर्न गुरू-पूजा भनी दस हजार दिएर जान्छन्। उनको



Downloaded from http://www.dhamma.digital

मातातीर्थमा जग्गा किनेर ठूलो विहार बनाइराखेका छन्। त्यहाँ बौद्ध परियत्ति कक्षा पनि चलाइराखेको छ।

दसजना प्रव्रजितमध्ये सद्धातिस्स र कोलित दुई जना टोखामा बुद्धभूमि महाविहार नाम राखेर विहार बनाई धर्म प्रचार गरिराखेका छन्।

दसजना प्रव्रजितहरूमध्ये भिक्षु सोभित गणमहा विहारको प्रमुख भई बूढाबूढीहरूलाई सम्मान गर्ने, स्कुलका गरीब विद्यार्थीहरूलाई छात्रवृत्ति दिने, दिवंगत सबै भिक्षु-श्रामणेरहरूको गुणानुस्मरण आदि काम गरी धर्म प्रचार गरिराखेको सन्तोषजनक छ। सोभितले महिना महिनामा संघाराममा आएर दक्षिणा दान गरी गुरू-पुजा गरिराखेकाले हौसला बढेको छ।

पछि संघाराममा प्रव्रजित भएकामध्ये भिक्षु कोण्डन्य भृकुतिमण्डपस्थित बुद्धविहारको प्रमुख भई शिशु सिद्धार्थ स्कुल चलाइराखेका छन्। पुस्तकहरू छापिरहेका छन्। आनन्दभूमि पत्रिकाको सम्पादक पनि भइराखेका



Downloaded from http://www.dhamma.digital

छन् । कोण्डन्यले म बिरामी हुँदा ओम नर्सिंग अस्पतालमा, थाइल्याण्डको अस्पतालमा, काठमाण्डौको मोडेल अस्पतालमा उपचार गरिरहँदा मनले इच्छाएझैं चौबिसैं घण्टा साथमा रहेर मेरो सेवा गरेको गुण म बिर्सन सक्दिन । उनलाई कुनै रोग नहोस्, दीर्घायु होस् भनी शुभकामना गर्दछु ।

अर्को संघाराममा प्रव्रजित भएका भिक्षु संघरक्षित आनन्द भुवन विहारको प्रमुख भई एक दर्जन जति बौद्ध संघ-संस्थाहरू खोलेर, सात दर्जन जति धर्मका पुस्तकहरू छापेर धर्म प्रचार गरिरहेका छन् । सबैभन्दा राम्रो "बुद्धधर्मका आधारभूत शिक्षा समिति" गठन गरी युवाहरूलाई बुद्धशिक्षाको महत्वपूर्ण प्रशिक्षण दिइरहेका छन् । मकहाँ बरोबर आएर केही गर्नुपर्छ कि भनी सोध्न आइरहन्छन् । अनि मैले पुस्तक राख्ने दराज किन्नुपर्‍यो भन्दा स्टिलको दराज दुई वटा किनेर ल्याइदिए । पैसा कति चाहियो भन्दा गुरू-पूजा भयो भनी पैसा लिएनन् । संघरक्षितको अर्को राम्रो काम हो- अमृतोपदेश बौद्ध



Downloaded from http://www.dhamma.digital

मासिक पत्रिका प्रकाशक/ प्रधान सम्पादक भई निरन्तर निकालेर धर्म प्रचार गरिरहेको।

अर्का संघाराममा जन्म भएका भिक्षु अशोक। उनी आजभोलि थानकोटको जीतवन विहारको प्रमुख भई बृद्धहरूलाई अस्थायी प्रव्रजित गरी धर्म प्रचार गरिरहेका छन्। श्रीलंकाबाट फर्केकाहरूलाई बस्ने ठाउँ दिई खान-पिन व्यवस्था गरी सेवा गरिरहेका छन्। उनीसँगै प्रव्रजित भएका अर्का भिक्षु त्रिरत्न हुन्। ऊ पिपरहवामा भारतको कपिलवस्तुमा बसी श्रीलंकाका तीर्थयात्रीहरूको सेवा गरी धर्म प्रचार गरिरहेका छन्।

अर्का एकजना छन्- बनेपाको ध्यानकुटीमा प्रव्रजित भएका भिक्षु विशुद्धानन्द। पछि सम्यक् सम्बोधि प्राणपुत्र नाम राखेका। उनको कहीं आफ्नो विहार छैन। उनको धर्म प्रचारको केन्द्र पश्चिम बेनी, बाग्लुंग, तानसेन, बुटवल, पूर्व धरानको स्वयम्भू महाचैत्य विहार हो। उनी नियममा धेरै कट्टर भएको कारणले कसै कसैलाई मन पनि पर्दैन भन्ने सुन्नमा आउँछ। २०६९ सालको वर्षावास



Downloaded from http://www.dhamma.digital

पूर्वको उर्लाबारीमा बस्न गए। उनको प्रसिद्ध दुई वटा मोटो पुस्तक छ- सम्यक संस्कार र सम्यक शिक्षा। पुस्तक आफ्नै किसिमको। बेनीका युवाहरूलाई मन परेको पुस्तक हो।

यो भयो मेरो अन्तिम इच्छा र शिष्यहरूको परिचय। तपाई नभने पनि मपाईको कुरा भने पनि हुन्छ, मेरो अहंकारको चिन्ह भने पनि हुन्छ।

मेरो सबैभन्दा ठूलो शिष्य बनेपाको ध्यानकुटीमा जन्मेका भिक्षु राहुल हुन्। उनी ध्यानकुटीको उत्तराधिकारी भएर सबै काम मनैदेखि राम्ररी गरिराखेका छन्। ध्यानकुटी मैत्री केन्द्र बाल आश्रम पनि उनैको जिम्मामा छ। उनले सबै जिम्मा लिइरहेकाले मलाई केही पीर छैन। उनलाई सहयोग गर्ने गौरी शंकर मानन्धर उपासक एक जना भएकाले धेरै सजिलो भयो।

एकजना सानो चेला हो, श्रीघः विहारमा बस्दा प्रव्रजित भएका भिक्षु गौतम (मगर)। म श्रीघः विहार



Downloaded from http://www.dhamma.digital

छोडेर आएदेखि उपहार दिने, प्रमाणपत्र दिने कुरामा सोभित र संघरक्षितहरूको प्रतिस्पर्धामा गइरहेका छन् ।

अर्का संघाराममा जन्म भएको भिक्षु मिलिन्द आजभोलि चितवनको विहारमा चैत्य बनाएर धर्म प्रचार गरिरहेको छ ।

अब संघाराम विहारको सानो कुरा राख्नु आवश्यक देखिन्छ । धर्मरक्षिता गुरूमाँ विहारको दाता हो । भिक्षु तालिम केन्द्र शुरू गर्दाको विहार सबै पुरानो भयो । त्यो सबै भत्काएर तीन तल्ले नयाँ पक्की भवन बनाएर कृति राखे । २० फुट अग्लो उभिएको भगवान् बुद्धको मूर्ति स्थापना गरे । म संघाराम विहार छोडेर श्रीघःमा बसिरहँदा धर्मरक्षिता गुरूमाँले मलाई धेरै नै बोलाउन आए । भन्तेहरू स्थिररूपले बस्ने नहुँदा विहार खाली भएर उपासक-उपासिकाहरू पनि आउन छोडे । तपाई आउनुहोस्, पछिसम्म संघाराममा टिक्नसक्ने भन्तेहरू पनि मिलाउनुहोस् । गुरूमाँ बित्नु तीन-चार महिना अघिको कुरा हो । संघारामको माया लागेर म यहाँ बस्न आएं । गुरूमाँका



Downloaded from http://www.dhamma.digital

बहिनीहरू कुमारी लक्ष्मी, धर्म लक्ष्मीहरूले पनि मलाई भनेका थिए, धर्मरक्षिता गुरूमाँ नहुँदा पनि तपाईले विहार छोड्नु हुँदैन। जसरी पनि संघाराम विहार परन्तुसम्म टिक्ने काम गर्नुहोस्। यो कुरा भान्छामा बसी भनेको थियो। यो कुरा राम्रो लाग्यो।

धर्मरक्षिता गुरूमा बितिसकेपछि नयाँ भवन पूर्ण नभएको उनीहरूले पूरा गरिदिए। भवन निर्माण काम सकेपछि गुरूमाँको आफन्त बीरेन्द्र शाक्यले मेहेनत गरे। रंगरोगन गरी काम सिध्याए। पानीको अभाव भइराखेकोमा बीरेन्द्रले ट्युबेल पम्प राखेकाले पानीको अभाव भएन। उनले आफ्नो कर्तव्य पालन गरेकोमा धन्यवाद छ। पछि पछिसम्म पनि उनीहरूको सहयोग भइरहनेछ भन्ने आशा छ। संघाराम पछिसम्म टिक्ने आशा। उपासक-उपासिकाहरू पनि बढेभैंं सबैको अधिस्थान हो, संघाराम टिकाउनको लागि भन्तेहरू बलियो हुनुपर्छ, खालि हुनुहुँदैन।

अब फेरि आफ्नै सानो कुरा उल्लेख गर्दछु। संघाराममा मलाई सहयोग गर्ने दुई जना भिक्षुहरू छन्-



Downloaded from http://www.dhamma.digital

भिक्षु धम्मानन्द र भिक्षु दीपंकर। उनीहरूलाई म आफैं अभिभावक बनेर उपसम्पदा गरिदिएको हुँ। भिक्षु धम्मानन्दले गर्‍हुँगो सामानहरू सारिदिन्छ। गर्‍हुँगो सामान र पुस्तकहरू कति त बनेपामा पुर्‍याइदिन्छ। मेरो कोठामा सफा पनि गरिदिन्छ। भिक्षु दीपंकरले मेरो चीवर, तन्ना धोइदिन्छ। मेरो कोठा र बाथरूम पनि सफा गरिदिन्छ। संघारामको बिजुली, टेलिफोनको पैसा पनि तिर्न जान्छ। धर्मकीर्ति पत्रिका पनि कहीं कहीं पुर्‍याइदिनुपर्ने, पुर्‍याइदिन्छ। सम्पादकीय, समाचार आदि सम्पादक वीर्यवती गुरूमाँकहाँ पुर्‍याइदिन्छ। पत्रिकाको प्रुफ प्रेशमा पनि पुर्‍याइदिन्छ। मलाई सार्‍है सजिलो भयो।

संघाराममा दिनका दिन साँझ ६:३० देखि ७:३० सम्म बुद्ध-वन्दना, परित्राण पाठ र ध्यान भावना गर्दछौं। जाडो समयमा ६ बजेदेखि ७ बजेसम्म गर्ने हुन्छ। कार्यक्रम सामूहिक भने पनि ६ जनामध्ये ४ जना भिक्षुहरूले मात्र भाग लिन्छन्। हुन त बुद्धशिक्षा अनुसार भिक्षुहरूले बुद्धपूजामा भाग लिनु अनिवार्य छैन। बुद्धको कथन अनुसार



Downloaded from http://www.dhamma.digital

पूजा गर्नुभन्दा आचरण राम्रो बनाउनु, स्वार्थी र लोभी नहुनु नै बुद्धपूजा हो। करणीय मैत्री सूत्र पाठ गर्दा मन खुब आनन्द हुन्छ। त्यति मात्र होइन, भूत प्रेतको बिघ्नबाधा हटेर जान्छ।

यो संघाराम भनेको मरेका बच्चाहरूलाई गाड्ने चिहान भनिन्छ, डरलाग्दो छ भनिन्छ। हामी भिक्षुहरू बस्न थालेदेखि डरलाग्दो भनेको छैन। यो करणीय मैत्री सूत्र पाठ गर्दाको फल हो। करणीय मैत्री सूत्र पाठ गरेकाले डरलाग्दो सपना देख्ने कम हुन्छ। दिनका दिन सुत्नुअघि यो सूत्र पाठ गर्नाले डरलाग्दो सपना आए पनि, बाघभालु आए पनि, यो सपना देखिरहेको भन्ने होश हुन्छ अनि छिट्टै ब्युँभिन्छ। जसले पनि यो सूत्र पाठ गरे हुन्छ। यो पनि मेरो अन्तिम इच्छाको कुरा हो।

भवतु सब्ब मंगलं।

**भिक्षु अश्वघोष**
संघाराम विहार
ढल्को, विष्णुमती, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# विषयसूची


| विषय | पृष्ठ |
| --- | --- |
| दुई शब्द | |
| मेरो अन्तिम इच्छा | |

**धर्म मरेको छैन**

| | |
| --- | --- |
| धर्म | १ |
| धर्म गरी कर्म बलियो भएको कुरा | ३ |
| नाम मन पर्दैन | १० |
| रात-दिन धर्म बृद्धि हुने काम | ११ |
| गल्ति स्वीकार गर्नु पनि धर्म | १३ |
| अनाथपिण्डकको धर्म | १८ |
| सेनापतिको धर्म | २३ |
| धर्म मरेको छैन | २७ |


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

| विषय | पृष्ठ |
| --- | --- |
| छोराले आमालाई निकाले | २८ |
| पापबुद्धि र धर्मबुद्धि | ३६ |
| धर्म बाँकी छ | ४२ |
| गल्ति नस्वीकार्ने भिक्षु | ४५ |
| झगडालु भिक्षुहरु | ४८ |
| सेवा धर्म | ५२ |
| मरेको बालकलाई बचाइदिए | ५४ |
| खुल्ला मनले दान दिने राजा | ५८ |
| शुद्ध मनले दान दिएको फल | ६० |
| बदमास शाक्य पछि राम्रो भयो | ६७ |
| लाज भए धर्म मरेको छैन | ७३ |

Downloaded from http://www.dhamma.digital

# धर्म मरेको छैन

## धर्म

साधारण मानिसहरूले बुझिराख्ने धर्म दुई प्रकारका छन्-

१) फूल, धूप, दीप आदि राखी देवता वा मूर्ति भएको ठाउँमा पूजा गर्नुलाई धर्म भनिन्छ।

२) परोपकार काम गर्ने, सेवा गर्ने, कसैलाई दुःख नदिने, आफूभन्दा ठूलाहरूलाई सम्मान गर्ने, आफूले गर्नुपर्ने काम गर्ने, बेइमानी र बैगुणी नहुने धर्म हो।

यो पुस्तकमा धर्म भनेको नै सेवाभाव हो भन्ने कुरामात्र धेरै छ किनभने धेरै मानिसहरूमा पूजा भक्ति भए पनि भित्रैदेखि सेवा भाव छैन। कोही कोही देव भक्ति मन कपटी छन् तर सबै होइन। पूजा गर्ने, फूल, धूप, सुगन्ध चढाउने पनि धर्म हो। भक्तिभावमा लाग्नु पनि धर्म हो।



Downloaded from http://www.dhamma.digital

मनमा शान्ति हुने कुरा हो तर धर्म प्रचार गर्न, धर्म सधैं बचाइराख्न सेवाभाव चाहिन्छ, अरूलाई उपकार हुने, ज्ञान हुने काम गर्नुपर्छ। ज्ञानी हुनुपर्छ।

अशोक सम्राट्ले धेरै विहार, चैत्य बनाए तर मानिसहरूले धर्मलाई अँगालेर लिएनन्। जब कि उनी सेवाभावमा लागे, त्यसो भनेको हिंड्ने मानिसहरूलाई शीतल बनाउन बाटोको दायाँ बायाँ रूखहरू रोपिदिए, पाटी, पानी खाने कुँवा, औषधि गर्ने अस्पताल, पशुहरूको अस्पताल आदि बनाइदिए। धान रोप्न पानी चाहिएर इनार बनाइदिए। जनताहरूलाई पीर दुःख भएका ती कुराहरू पोख्न दरवारको ढोका खुल्ला गरे। यस्तो आचरणले गर्दा अशोकको नाम धर्माशोक भयो।

बुद्धधर्म भनेको सेवाभाव हो भनी कामले देखाएर बुद्धसन्देश देश विदेशमा प्रचार गर्दा चाँडै नै बुद्धधर्मको प्रचार भयो। बुद्धको समयमा नै त्यति धर्म प्रचार भएन। बुद्धको सन्देश अनुसार अशोक सम्राट्ले जनताको सेवा गरी धर्म प्रचार गरेको भन्ने कुरा शिलापत्रमा लेखेका छ। यहाँ सेवा भाव नै धर्म हो भन्ने कुरा बुझाउनका लागि एउटा घटना उल्लेख गर्दछु।



Downloaded from http://www.dhamma.digital

# धर्म गरी कर्म बलियो भएको कुरा

पहिला पहिलाको कुरा हो। आमा-बाबुले आफ्नो छोरालाई शिक्षा दिलाउनका लागि एउटा छात्रावास स्कूलमा भर्ना गर्न लगे। त्यो स्कूल टाढा थियो। बालकले राम्ररी शिक्षा लिइरह्यो।

शिक्षा दिने गुरूले मानिसहरूको अनुहार हेरी भविष्यवाणी गर्न सक्थे। एक दिन शिक्षा दिँदादिँदै विद्यार्थीहरूको अनुहार हेरिराखे। त्यही बालकको अनुहार हेरी उनले जाने- यो बालकको कर्म सिद्धियो। सात दिन मात्र बाँच्नेछ। यो विद्यार्थी यहाँ मऱ्यो भने स्कूलको नाम राम्रो हुने छैन। यसलाई चाँडै यहाँबाट पठाइदिनुपऱ्यो। यसको घर जान चार दिन चाहिन्छ। घरमा पुगेर तीन दिनमात्र बाँच्नेछ।

यस्तो विचार गरी उनले विद्यार्थीलाई बोलाएर भने- हेर शिष्य! तिमीलाई तिम्रा आमा-बाबुले घरमा चाँडै आउनू भनी खबर पठाएको छ। तिमी चाँडै घर जाऊ।



Downloaded from http://www.dhamma.digital

त्यो बालक आफ्नो गुरूसँग बाटो खर्च लिई सरासर घरतिर लाग्यो। उसको घर जंगल-जंगलबाट र पहाडबाट जानुपर्थ्यो।

एउटा जंगलमा ऋषि एकजनाले भुइँमा खसिराखेको बिग्रेको फलफूल मात्र टिपिराखेको उसले देख्यो। त्यो बालकले रूखमाथि हेर्दा रूखमा राम्रा फलफूलहरू फलिराखेको देख्यो।

ऊ ऋषिकहाँ गएर सोध्यो- भो महात्माजु! रूखमा राम्रा फलफूलहरू हुँदा पनि किन भुइँमा खसेको बिग्रेको फलफूलहरू टिपिराख्नुभएको ?

ऋषिले भने- म अरूले दिएको मात्र लिने। रूखले मलाई दिएको थिनै हुन्। त्यसैले भुइँबाट टिपिराखेको हुँ।

बालकले सोध्यो- मैले रूखमा भएको टिपेर दिएँ भने लिनुहुन्छ कि हुन्न ?

ऋषिले भने- अरूले दिएको लिनु मेरो नियम हो।



Downloaded from http://www.dhamma.digital

अनि बालक रूखमा चढेर एउटा भाँडोमा राम्रा राम्रा फलफूलहरू टिपेर ऋषिलाई दिए। ऋषिले उसलाई जय होस्, दीर्घायु होस् भनी आशीर्वाद दिए।

आशीवार्द भनेको शुद्ध मनले दिनुपर्छ। आशीर्वाद लिनको लागि पनि शुद्ध मनले सेवा गर्नुपर्छ। ऋषिको आशीर्वाद त्यो बालकलाई पऱ्यो।

त्यो बालक ऋषिको सेवा गर्न पायो, फलफूल दान दिन पायो भनी खुशी मान्यो।

ऊ सरासर घर जान्छु भनी गइराख्दा एउटा पोखरीमा पानी सुकेर त्यहाँका माछाहरू छट्पटिरहेको देख्यो। उसलाई माया लाग्यो। उसले अर्को पोखरी एउटा भेट्टायो। त्यसमा पानी धेरै थियो। उसले पानी सुकेको पोखरीबाट माछाहरू समाटेर पानी भएको पोखरीमा छाडिदियो। माछाहरू नाच्दै रमाउँदै गएको देखेर उसलाई पनि खुब रमाइलो लाग्यो।

त्यहाँबाट सरासर ऊ घरतिर हिंड्यो। एक ठाउँमा सानो खोलामाथि बाँसको पुल बनाइराखेको रहेछ। त्यो



Downloaded from http://www.dhamma.digital

बाँस सबै पुरानो भइसकेको, बिग्रिसकेको थियो। उसले विचार गऱ्यो- यो बाँस त कमजोर भइसक्यो, मानिसहरू खोलामा खस्न सक्छ। नयाँ बाँस खोजेर राख्न पाए हुन्थ्यो।

उसले यताउता बाँस खोज्यो। खोजेर पनि ल्यायो। बिग्रिसकेको बाँसहरू निकालेर नयाँ बाँस राखिदियो। बाटोमा जानेहरूले उसलाई आशीर्वाद दिए।

घरको बाहिर आमा बसिरहेकी थिइन्। तिनले आफ्नो छोरालाई घरमा आउने बितिकै गाली गरिन्- ए लुच्चा ! पढ्न नसिद्धिने तिमी किन भागेको ?

बालकले भन्यो- आफूहरूले नै आऊ भनी बोलाएर, मलाई पो लुच्चा भन्दो रहेछ।

आमाचाहिँले भनिन्- आऊ भनेर तिमीलाई कसले भनेको ?

बालकले भन्यो- गुरूले भन्नुभएको।

आमाले भनिन्- ए ! गुरूले भनेको हो ?



Downloaded from http://www.dhamma.digital

आमाले आफ्नो छोराको अनुहार देखेर माया लाग्यो। केही दुब्लो भएकोले घरमा पठाएको होला। खाना पो पुगेन कि ? कस्तो दुब्लो भएको ?

छोराले भन्यो- पढ्ने ठाउँमा सयौं विद्यार्थीहरू छन्, पेटभरि खान पाइदैंन।

आमाले भयो त छोरा, अब केही मिठो खाएर मोटाएर मात्र जाऊ भनी खुवाई पियाई विचार गरिराख्यो।

बालकले आफ्नो आमाबुबाको सेवा पनि राम्ररी गऱ्यो। पहिला आमाबाबुको कुरा सुन्दैनथ्यो। अब खुब ज्ञानी भयो। अट्टेरी भएन। आमा बाबुलाई पनि खुशी लाग्यो। हाम्रो छोरा पढेर ज्ञानी भयो। भनेको कुरा पनि सुन्ने भयो।

सात दिनमा मर्नुपर्ने बालक एक महिना नाघिसक्यो। अलिकति मोटायो पनि। आमाले भनिन्- छोरा ! अब तिमी पढ्नलाई गए पनि भयो, जाऊ।



Downloaded from http://www.dhamma.digital

गुरूचाहिँले त्यो बालक मरिसक्यो होला भनी विचार गरिराखेको। बालक फर्केको देखेर अचम्भित भए। मेरो शास्त्र त असत्य नहुनु पर्ने हो। यो के भएको ? भनी विचार गरे। यसले अवश्य पनि धर्म गऱ्यो होला। कर्म सिद्धिसकेको बालकले धर्म गरेर कर्म थपियो होला।

बालकले गुरूलाई नमस्कार गरी बस्यो। गुरूले सोधे- हे शिष्य ! तिमीले के धर्म गरेर आयौ, भन त ?

बालकले उत्तर दियो- मैले केही पनि धर्म गरेर आएको छैन।

गुरूचाहिँ झन् अकमकियो। फेरि सोधे- तिमीले अवश्य पनि धर्म गरेर आएका छौ। भन, तिमीले के धर्म गरेर आयौ ?

बालकले फेरी भन्यो- गुरू ! मैले केही पनि धर्म गरेर आएको छैन।

गुरूचाहिँले भन्यो- ल, त्यसो भए तिमी यहाँबाट गएदेखि कहाँ कहाँ बस्यौ ? के के गरेर आयौ ? भन।



Downloaded from http://www.dhamma.digital

त्यो बालकले सबै कुरा भन्यो। आमा बाबुलाई तृप्त हुने गरी सेवा गरेको कुरा पनि भन्यो।

गुरूचाहिँले भन्यो- तिमीले धेरै धर्म गरेर आयौ। ऋषिलाई फलफूल दान दिएको, मर्न लागेको माछाहरूलाई बचाइदिएको, बाँसको पुल बनाइदिएको, फेरि आमा बाबुको सेवा पनि गरेर आएको, तिमीले ठूलो धर्म गरेर आएको छौ। तिमी सात दिनमा मर्नुपर्ने। त्यसैले तिमीलाई मैले घर पठाएको थिएं। अब तिमीले धर्म गरेर आएको हुँदा सिद्धिसकेको कर्म थपेर आयौ। अब तिमी चाँडै मर्ने छैनौ।

यो घटनाले राम्ररी सिकाउँछ, सेवाभाव नै उत्तम धर्म हो।

योचाहिँ सेवाभाव उत्तम धर्म हो भनी सम्झेर हो। हामीकहाँ कोही कोहीले पाटी बनाए। कोहीले बाटोमा हिँड्नेहरूलाई पानी खान ट्यांकी बनाइदिए। कोहीले स्कूल बनाइदिए। स्वयम्भूमा भऱ्यांग चढ्न रेलिंगको बार राखिदिए।



Downloaded from http://www.dhamma.digital

# नाम मन पर्दैन

२०४० ज्येष्ठ, असारमा आनन्दकुटी विद्यापीठमा कल्याण मित्र सत्यनारायण गोयन्काको निर्देशनले विपश्यना ध्यान तालिम १० दिनसम्म भयो। त्यसमा सबै गरी ३०० जना मानिसहरूले भाग लिए। एकजना दाताले १० दिनसम्म त्यतिधेरै मानिसहरूलाई एक्लै खवाएर पनि ३०,००० रूपियाँ चन्दा दिए। यो धर्म भएको चिन्ह हो। तर उनलाई नाम मनपर्दैन।

बर्मादेखि आउनु भएका भिक्षु ऊ सुन्दरको निर्देशनमा पाटनको पुल्चोकमा जिर्णोद्धारा भएको अक्षेश्वर महाविहारमा पनि ८ दिनसम्म विपश्यना ध्यान तालिम भयो। त्यहाँ पनि ध्यान भावनामा सहभागि भएका साधकहरूलाई एकै जनाले खुवाउने जिम्मा लिए। यो पनि धर्मचेतनाको चिन्ह हो। त्यसैले धर्म मरेको छैन। शुद्ध मनले धर्मको काम गर्दा सहयोग गर्नेहरू पनि छन्।



Downloaded from http://www.dhamma.digital

# रात-दिन धर्म बृद्धि हुने काम

एकजना ठूलो विद्वान् गएर भगवान् बुद्धसँग सोध्न गए- भो शास्ता ! रात दिन पुण्य अभिबृद्धि हुने धर्म र उन्नति हुने काम के हो ?

भगवान् बुद्धको उत्तर थियो-

**आरामरोपा वनरोपा, ये जना सेतु कारका।**
**पपञ्च उदपानं च, ये ददन्ति उपस्सयं**
**तेसं दिवा च रत्तो च, सदा पुञ्ञं पवड्ढति ॥**

**- संयुक्तनिकाय**

कोही मानिसले फूलको र फलफूल भएको बगैंचा जुन कि जनताहरूलाई काम लाग्ने बनाउँछ। कोहीले रूख रोपेर जंगल बढाउँछ, नदी पार गर्न पुल बनाउँछ, पानी खुवाउन कुँवा बनाउँछ, ईनार बनाउँछ, अशरणहरूलाई ठाकेका बटुवाहरूलाई बस्नलाई पाटी पौवा आदि बनाउँछ, उनीहरूको दिन रात पुण्य र धर्म अभिबृद्धि हुन्छ।



Downloaded from http://www.dhamma.digital

यो कुरा सूत्रपिटकभित्रको संयुक्तनिकाय भन्ने ग्रन्थमा उल्लेख भएको छ।

यही बुद्धवचन अनुसार सम्राट् अशोकले बाटोको दायाँ बायाँ रूखहरू रोपे, विहार बनाए, बगैंचा, इनार, कुँवा, धर्मशाला र अस्पताल बनाएर समाज सेवा गरी मानिसहरूलाई काम लाग्ने कार्य गरी दिन-रात धर्म प्रचार हुने, पुण्य अभिबृद्धि हुने काम गरे। सम्राट् अशोक बितेको दुई हजार वर्षभन्दा बढी भइसक्यो तर पनि उनको नाम आजसम्म जीवितै छ।

धर्म भनेको मानिसहरूको चरित्र, आचरण राम्रो भए, अरूलाई उपकार गर्ने बानी भए, कुरा गर्दा अरूको मन दुख्ने कुरा नआए, अरूलाई बाधा पुऱ्याई कामकुरा गर्ने बानी नभए, स्वार्थ नभए, सुझाव दिने बेला भएको भनेको कुरा हो भनी सम्झेर कोमल हुने व्यवहार भए उसको जीवन धर्मात्मा हुन्छ। उसमा धर्म छ भनी सबैले मान दिन्छ। यस्तो गुण भएकोले पूजा गर्दा पनि राम्रो हुन्छ, उसलाई वरदान वा आशीर्वाद प्राप्त हुन्छ।



Downloaded from http://www.dhamma.digital

# गल्ति स्वीकार गर्नु पनि धर्म

विहार विहारमा गएर धर्मदेशना नसुने पनि कोही कोही मानिसहरू सेवाभाव भएका, अरूलाई दुःख नदिने स्वभावका छन्। अरूलाई उपकार गर्नेहरू पनि छन्। कहिल्यै झगडा नगर्नेहरू पनि छन्।

तीमध्ये एकजनाले भन्यो- मलाई त मरेपछि सान्है काम लाग्ने एकजना मान्छे मरेर गयो भनाउन मन लाग्छ। त्यसैले उपकारको काम गरिरहेको हुँ। छलकपट र स्वार्थभाव भनेको थोरै पनि छैन उसमा।

कोहीले भन्छ- मरेपछि केही पनि लिएर जान सक्दैन। केही पनि लाने छैन। मानिसहरू कहिल्यै नमर्नेझैं सम्झेर सम्पत्ति थुपारी लोभी भई, रिस उठाई कलह गरिराख्छन्।

कोही मलाई गाली गऱ्यो, मलाई व्यंग हान्यो भनी झगडा गरी कलह उत्पन्न गरिराख्छन्।

यो सबै धर्म नभएको चिन्ह हो तर कोही कोही होश नभएर झगडा गरिसकेपछि चित्त दुखाई, पश्चात्ताप गरी क्षमा मागेर मिलेर बस्छन्। यो धर्मको चिन्ह हो।



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धले भन्नुभएको छ, पहिला होश नभएर नराम्रो काम गरेपनि पछि होश राखेर नराम्रो नहुने कामबाट टाढा भएर बस्न सकेमा बादलबाट निस्केको चन्द्रमाझैं चम्किलो हुन्छ, उसको जीवन रमाइलो हुन्छ।

**यो च पुब्बे पमज्जित्वा, पच्छा सो नप्पमज्जति।**
**सो इमं लोकं पभासेति, अब्भामुत्तोव चन्दिमा'ति॥**

**– धम्मपद**

अर्थ- जो मानिसले पहिला भुलेर नराम्रो काम गर्दछ, उसले पछि होश राखेर गल्ति गरेन भने यो लोकमा बादलबाट मुक्त भएको चन्द्रमा झैं संसार झलमल्ल बनाउँछ।

यसले के भन्दछ भने बितिसकेको सम्झेर पश्चाताप गर्नुभन्दा अब यो वर्तमान राम्रो बनाई भविष्य राम्रो र उत्तम बनाउनुपर्छ भनेको हो। यो कुरा बुझ्नका लागि उदाहरण चाहियो भने अंगुलिमाल भिक्षुको कथा सबैले जानेको बुझेको कुरा नै भयो। ऊ एक जना असल मान्छे भएर पनि पछि मानिसहरू मार्ने ज्यानमारा भयो। फेरि बुद्धको सत्संगतले भिक्षु भई दोषमुक्त पवित्र अर्हत् भई मुक्त भयो।



Downloaded from http://www.dhamma.digital

अंगुलिमालले आफ्नो गल्ति महसूस गरी जानिलियो, आफ्नो कुकर्म देखी पश्चाताप भयो, वर्तमान जीवनलाई राम्रो बनायो, उसको जीवन मात्र होइन, अरूको जीवनलाई समेत झलमल्ल बनायो।

भगवान् बुद्धको समयमा एकजना भिक्षु थियो। उसले एकपटक सफासुग्घर गर्न जानेन भने, भुइँ बधारेर बस्न सकेन भने दुःखबाट मुक्त हुन सक्दैन भन्ने कुरा भगवान् बुद्धबाट सुनेर त्यहाँदेखि उसले कुचो एउटा सधैं च्यापेर बाहिर धूलो देख्नेबितिकै बधारेर बस्ने भयो। अर्को काम केही पनि गरेन। मन शुद्ध गर्नेतिर ध्यान गएन। उसमा झन् अहंकार बढ्न थाल्यो, अरूभन्दा पनि आफू शुद्ध हुँ। दिनका दिन विहारमा कुचो लगाएर सफा गरिबसें। अरूले सफा गरेन।

एक दिन रेवत महास्थविर, जो कि विहारका ज्येष्ठ अर्हत् भन्ते कहाँ गएर उसले भन्नगयो- भन्ते! तपाई विद्वान् र ठूलो महास्थविर भएर पनि कुचो लगाउने, सफा गर्ने काम केही पनि नगरी कसरी शील शुद्ध हुन्छ? कसरी दुःखमुक्त हुन्छ? सफासुग्घर गर्नुहोस्, कुचो लगाउनुहोस्।



Downloaded from http://www.dhamma.digital

रेवत महास्थविरले केही पनि भन्नुभएन किनभने त्यो कुचो च्यापेर बस्ने भिक्षु केही रिसालु भावले कुरा गर्न आयो। त्यसैले उसलाई सुझाव दिने समय होइन। भएको कुरा गर्दा पनि उल्टो बुझ्नेछ। उसले आफ्नो गल्ति स्वीकार गर्नेछैन, उसले अरूको दोषमात्र देख्नेछ। कोही मानिसलाई सुझाव र उपदेश दिने भनेको पनि समय हुन्छ। अरू मानिसहरू भएको ठाउँमा गालि गर्नु हुँदैन, सुझाव दिनुहुँदैन। ठाउँ हेरेर मान्छे हेरेर भन्नुपर्छ। मुखमा आयो भन्दैमा प्याट्ट भन्नुहुँदैन।

पछि एक दिन रेवत भन्तेले पनि कुचो च्यापेर बस्ने भिक्षुलाई भेट्नुभयो। उहाँले भन्नुभयो- कुचो समातेर बधारेर बस्दैमा के गर्ने ? बाहिर मात्र सफा भयो। आफ्नो भित्रको धूलो र मैलो पनि सफा गर्नुपर्छ। आफूमा अहंकार भएको कुरा पनि बुझ्नुपर्छ। आफू एकजना मात्र शुद्ध अरू सबै अशुद्ध भनी लिनु हुँदैन। आफूले गर्नुपर्ने कर्तव्य बिस्तारै गरेर लगे पुग्छ। त्यसो भएन भने आफूले काम गरे पनि मनमा अकुशल चेतना बलियो भएर आउँछ। धर्म लाग्दैन। अरूको दोष खोज्नु पाप हो।



Downloaded from http://www.dhamma.digital

यति कुरा सुनेर त्यो कुचो च्यापेर हिँड्ने भिक्षुको होश आयो। उसले कुरा बुझ्यो। आफ्नो गल्ति महसूस गऱ्यो। उसले आफ्नो मन शुद्ध गरी कर्तव्य पालन गऱ्यो। ध्यान भावना अभ्यास गरी आफ्नो व्यवहार पनि राम्रो बनाउन थाल्यो। केही समय नबित्दै त्यो भिक्षु अर्हत् भयो।

अनि भगवान् बुद्धले भन्नुभयो- बेहोश भएर भूल र पाप कर्म गरे पनि पछि होश राखी गल्ति नगरी जीवन बितायो भने बादलबाट छुटेको चन्द्रमाले बाहिर उज्यालो दिनेभैं झलमल्ल बनाएभैं जीवन झलमल्ल हुन्छ।

बेहोशमा परी गल्ति गरेर पनि पछि गल्ति नगरी राम्रो काम गऱ्यो भने अँध्यारो जीवन झलमल्ल हुन्छ, कृष्णपक्ष सकेर शुक्लपक्ष आएभैं हुन्छ। औंशी सकेर पूर्णिमा आएभैं हुन्छ।

त्यो भिक्षुले गल्ति स्वीकार गरी ठूलो भन्तेको सुझावलाई मानेर ग्रहण गरेकोले उसको जीवन राम्रो भयो। धर्म बच्यो। त्यसैले, धर्म मरेको छैन, छ। धर्म नभएको भए गल्ति स्वीकार गर्दैनथ्यो।



Downloaded from http://www.dhamma.digital

# अनाथपिण्डिकको धर्म

बुद्धको समयमा अनाथपिण्डिक भन्ने एकजना प्रसिद्ध महाजन थियो। उसको नाम सुदत्त थियो तर पनि अनाथहरूलाई पिण्ड दान दिने भएकोले पछिसम्म उसको नाम अनाथपिण्डिक भनेरै रहन गयो। त्यही नामले सुप्रसिद्ध हुन गयो।

उही महाजनले भगवान् बुद्धलाई ५४ करोड धन खर्च गरी जेतवन विहार बनाई दान दिए। उक्त विहारमा भगवान् बुद्धले पालैपालो गरी १९ पटकसम्म वर्षावास बस्नुभएको थियो।

विशाखाले २७ करोड धन खर्च गरी बनाइदिएको पूर्वाराम विहारमा ६ पटकसम्म बुद्धले वर्षावास बस्नुभयो। लगातार होइन। एउटा वर्षावास सिद्धियो भने भगवान् बुद्ध अर्को ठाउँमा जानुहुन्थ्यो।

भगवान् बुद्ध एकपटक वर्षावास सकाएर धर्म प्रचार गर्नको लागि बाहिर जान लाग्नुभयो। अनाथपिण्डिक महाजन र विशाखा उपासिकाहरूले प्रार्थना गरे- भो शास्ता! तपाई यहाँ बस्नु



Downloaded from http://www.dhamma.digital

भएन भने हामीलाई त साह्रै नरमाइलो लाग्नेछ। विहार पनि शुन्यझैं हुनेछ। बरु यहाँलाई केही पूरा भएन कि ?

बुद्धले भन्नुभयो- पूरा नभएको कुरा होइन। बुद्ध भनेको एकै ठाउँमा बस्नु हुँदैन। अर्को ठाउँमा पनि अज्ञानीहरू धेरै छन्। ज्ञानको ज्योति अरू ठाउँमा पनि पुऱ्याउनु पर्छ। त्यसैले जान लागें।

ती दुबै जनाले भगवान् बुद्धलाई फर्काउन सकेनन्।

अनाथपिण्डिक महाजन साह्रै दुःखी भएर आफ्नो कोठामा झोक्राएर बसिरहे।

अनाथपिण्डिक महाजनको घरमा साह्रै चलाख र ज्ञान भएको पूर्णा भन्ने एक दासी थिइन्। तिनले अनाथपिण्डिक महाजनलाई केही सेवा गर्नुपर्छ कि भनी सोध्न कोठामा जाँदा महाजनलाई दुःखी भएर बसेको देखिन्।

पूर्णा दासीले सोधिन्- भो मालिक ! यहाँलाई के भयो र ? किन अनुहार उज्यालो नभएको ? केही दुःख भयो कि ?

अनाथपिण्डिक महाजनले जवाफ दियो- यो तिमीलाई चाहिने कुरा होइन।



Downloaded from http://www.dhamma.digital

पूर्णाले भनिन्- भन्नुहोस् न, मैले सके सेवा गरूंला।

अनाथपिण्डकले भन्यो- के गर्ने ? भगवान् बुद्ध जेतवन विहारमा बस्नु नभई जानुभयो। त्यति धेरै धन खर्च गरेर बनाएको विहारमा बस्नुभएन, तसर्थ दुःखी भएर बसेको।

पूर्णाले भनिन्- महाजन ! मैले भगवान् बुद्धलाई फर्काएर ल्याउन सके मलाई के दिनुहुन्छ त ?

अनाथपिण्डकले भन्यो- हामीले भन्दा त मान्नुभएन, रोक्नुभएन, तिमी दासीले भनेको कुरा के सुन्नु होला र ?

पूर्णाले भनिन्- होइन महाजन ! फर्काएर ल्याएं भने मलाई के दिनुहुन्छ, भन्नुहोस्।

महाजनले भन्यो- तिमीले मात्र बुद्धलाई फर्काएर ल्याउन सक्यौ भने तिमीलाई दासीबाट मुक्त गरी मेरो छोरी समान राख्ने भयो।

अनाथपिण्डकलाई विश्वास नै थिएन, दासीको कुरा सुनेर भगवान् बुद्ध फर्केर आउनु हुन्छ।



Downloaded from http://www.dhamma.digital

पूर्णा दासी खुशी हुँदै भगवान् बुद्ध जानुभएको बाटोतिर गइन्। भगवान् बुद्धलाई भेट्टाएर वन्दना गरी प्रार्थना गरिन्- भो शास्ता ! तपाई जेतवन विहारमा फर्कनु होस्।

बुद्धले सोध्नुभयो- म फर्कें भने तिमीलाई के लाभ हुन्छ त ?

पूर्णा दासीले भनिन्- भो शास्ता ! तपाई मात्र जेतवनमा फर्कनु भयो भने अबदेखि मेरो जीवन नयाँ हुन्छ। अँध्यारोबाट उज्यालोतिर जाने हुन्छ। दासीबाट मुक्त हुन्छ। म पनि तपाईको उपासिका भएर राम्ररी शील पालन गरी कथा सुनेर धर्म गर्न पाउने छु। नर्कबाट स्वर्गमा पुगेझैं हुनेछ।

यति कुरा सुन्नुभएर उहाँ तथागत बुद्ध श्रावस्ती जेतवन विहारमा फर्कनुभयो।

पूर्णा दासी खुशी हुँदै अनाथपिण्डक महाजनकहाँ पुगेर भन्न गइन्- महाजन ! भगवान् बुद्ध जेतवन विहारमा फर्किसक्नुभयो।



Downloaded from http://www.dhamma.digital

अनाथपिण्डिक महाजन अकमक् भयो। खुशीले आँखाबाट आँशु निस्क्यो। मेरो कुरा सुन्नुभएन, त्यस्तो दासीको कुरा सुन्नुभएर भगवान् बुद्ध फर्कनु भयो भनी रिसाएन। हामी भए आफूले भनेको कुरा नसुन्ने भनी रिसाउँछ अथवा रिसाएर बस्छ। विशाखा पनि खुशी भइन्।

५४ करोड धन खर्च गरी जेतवन विहार बनाएको दाताको कुरा पनि भगवान् बुद्धले सुन्नुभएन भनि नरिसाएको नै अनाथपिण्डिक महाजनको धर्म हो।

यस प्रकारको धर्म हामीलाई चाहिएको हो। आजभोलि धेरै धन खर्च गरी धर्म गर्नेहरू छन्, धेरै विद्या सिकेर विद्वान् भएझैं धर्मदेशना अथवा कथा भन्नेहरू छन् तर आफूले भनेजस्तो भएन भने रिसाउँछ। यस पुस्तकका लेखकमा पनि त्यस्तो स्वभाव बाँकी छ। यसरी पुस्तक लेखिरहँदा शिक्षा लिएझैं महसुस हुन्छ। होश भएर आउँछ। त्यसैले यस्तो पुस्तक छापेर बाँडिदिनु पनि धर्म हो।



Downloaded from http://www.dhamma.digital

# सेनापतिको धर्म

विपश्वी भगवान् बुद्धको समयको कुरा हो। एक जना सेनापति बुद्ध प्रमुख भिक्षु संघलाई भोजन गराउने दिनमा आफूले पहिला भोजन दान नदिई कसैले भोजन दान दिन पाउने छैन भनी घोषणा गरी कोही पनि बुद्धकहाँ जान नहुने गरी सैनिकहरूलाई तैनाथ गरिराखे। इच्छा भनेको गजब हो। यसलाई पनि अहंकार नै त भन्ने होला नि।

त्यही दिन नगर सेंठको श्रीमतीलाई पनि भगवान् बुद्धलाई भोजन गराउने इच्छा भयो। त्यो इच्छा पूरा नभएर सेठानी रोएर बसिन्। छोरी आएर सोधिन्- आमा! किन रोइरहनु भएकी ?

आमाले रूँदै छोरीलाई भनिन्- नानु! यदि तिम्रो पिता भएको भए आज बुद्धलाई सबैभन्दा पहिला भोजन गराउन पाउने थिएं।

छोरीले भनिन्- आमा! किन रूनु भएको ? मैले यस्तो उपाय गर्नेछु कि बुद्धले पहिल्यै हाम्रो भोजन गर्नुहुन्छ।



Downloaded from http://www.dhamma.digital

यति भनी तिनी पानी नराखी दूधको मात्र क्षीर भोजन बनाई राम्रो बिर्को भएको एउटा भाँडोमा भोजन राखी बिर्को कसी फूलले छोपेर आफ्ना साथीहरूलाई पनि फूल समात्न लगाई बुद्धकहाँ जान्छु भनी गइन् ।

सैनिकहरूले रोकेर भने- हे महिलाबृन्द ! बुद्धकहाँ जानु हुँदैन । सेनापतिको आज्ञा ।

ती छोरीचाहिँको नाम सुमना थिइन् । तिनले भनिन्- काका, मेरो हातमा केही खानेकुरा देख्नुभयो र ?

सैनिकले भन्यो- फूलमात्र देख्दछु । खानेकुरा देख्दिनं ।

सुमनाले सोधिन्- त्यसो भए के त, सेनापतिले बुद्धलाई फूल पनि अर्पण गर्नु हुँदैन भनेका छन् र ?

सैनिकहरूले जवाफ दिए- त्यसो त भन्नु भएको छैन ।

त्यसो भए हामीलाई जान दिनुस् भनी तिनी बुद्धकहाँ पुगी क्षीर भएको फूल अर्पण गरिन् । भगवान्



Downloaded from http://www.dhamma.digital

बुद्धले लिनुभई एकातिर राख्न लगाउनु भयो। तिनी वन्दना गरी त्यहाँबाट फर्किन्।

सेनापतिले समय भएपछि बुद्धप्रमुख भिक्षुहरूलाई भोजन अर्पण गर्नेछु भनी भोजन दान दिन तयार हुँदा बुद्धले भोजन लिनु नभई पात्र छोपिदिनु भयो।

सेनापतिको विचार हो, बुद्धले त्यहाँ भिक्षुहरू सबै नआइसक्नुभएकोले त्यसो गर्नुभएको होला भनी भिक्षुहरू गन्दा पनि सबै पूरा पायो। अब उसले प्रार्थना गरे- भन्ते ! सबै भिक्षुहरू आइसक्नुभएको छ। भोजन ग्रहण गर्नुहोस्।

भगवान् बुद्धले भन्नुभयो- यहाँ मलाई भोजन अर्पण गरिसकेको छ। पहिला त्यही लिन्छु अनिमात्र सेनापतिको भोजन लिन्छु।

बुद्धको कुरा सुनेर सेनापतिलाई आश्चर्य लाग्यो। यति धेरै सैनिकहरू तैनाथ गरिराख्दा पनि भगवान् बुद्धलाई पहिल्यै भोजन अर्पण गर्ने को हो भनी सोध्दा सुमनाले फूल चढाएर गएको कुरा भन्यो।



Downloaded from http://www.dhamma.digital

सेनापतिले विचार गरिन्- केटी भए पनि बुद्धि भएकी रहिछ। यस्तो केटी भएको घरमा सधैं लक्ष्मीले बास गर्छ, स्वर्गसमान हुन्छ। उसले ती केटीलाई आफ्नो घरमा बोलाएर सम्मानका साथ राखे।

सेनापतिले पहिला दान दिन नपाएर रिसाएन। बदला लिएन। झन् तिनलाई आफ्नो घरमा ल्याएर मान सम्मान गरे। यसले शान्ति भयो। यो सेनापतिको धर्म हो।

हामीलाई यस्तो धर्म चाहिएको हो। अहंकार होइन। त्यसैले, धर्म मरेको छैन। जीवन सजिलै बिताउने उपाय  जान्यौं भने, कलह भएन भने धर्म हुन्छ।



Downloaded from http://www.dhamma.digital

# धर्म मरेको छैन

धर्म मरेको छैन भन्ने कुरा सुनेर आश्चर्य लाग्न सक्छ। यो कुरा कसरी बाहिर आयो ? यो कुरा किन निकालेको भन्दा आजभोलि कोही कोही धर्ममा लागिरहे पनि, ध्यान भावनामा लागिरहे पनि अपवाद स्वरूप कोही कोही व्यक्तिमा स्वार्थले भरिएको ज्ञान र कामले गर्दा, इमान्दारी स्वभाव नहुँदा मानिसहरूले भनिरहेको सुनिन्छ, भनिरहेको हुन्छ- आजभोलि धर्म मर्‍यो, धर्म भनेको छैन।

यस्तो भनिराख्नेहरू पीडित वर्ग हो। कि दाजुले भाइलाई सम्पत्ति नदिन कुचक्र गर्‍यो, कि छोराले आमालाई भन्यो- मेरो आमाले बेइमानी गरे। आधा-आधा पैसा राखेर व्यापार गरी कमाएपछि साथीले बेइमानी गर्‍यो। त्यसैले आजभोलि धर्म छैन।

कोही कोही बूढी आमा-बाबुहरूले भन्छन्, आफूले जन्माएका छोराहरूले वास्ता गरेनन्, तसर्थ आजभोलि धर्म मर्‍यो। न्याय, सत्य र विवेकबुद्धि छैन। तसर्थ धर्म छैन, धर्म मर्‍यो।



Downloaded from http://www.dhamma.digital

तर मेरो विचार अनुसार र अध्ययन अनुसार, धर्म मरेको छैन। यस बारे पछि प्रमाण दिनेछु।

पहिला, धर्म मऱ्यो, धर्म छैन भनेको किन ? यतातिर एकपल्ट जाऊँ। बुद्धको पालादेखि धर्म मऱ्यो भन्नेहरू थिए, आजमात्र होइन। बुद्धको पालामा किन धर्म मऱ्यो भनेको थियो भन्ने बारेमा एउटा घटना अघि राख्दछु।

# छोराले आमालाई निकाले

बुद्धकालीन समयको कुरा हो। एउटा परिवारमा बूढी आमा र एक्लो छोरा मज्जाले जीवन बिताइरहेका थिए। छोराले साऱ्है दुःख गरेर खेतीपाती गरी आमाको सेवा गरिराख्यो। आमालाई पालिराख्यो।

एक दिन आमाचाहिँलाई विचार आयो, मेरो छोरा एक्लो। उसले साऱ्है दुःख कष्ट गरी कमाएर मेरो सेवा गरिराखेको छ। उसलाई विवाह गरिदिनुपऱ्यो। अनि मेरो



Downloaded from http://www.dhamma.digital

छोराको आधा काम गर्ने साथी हुनेछ, काम सजिलो हुनेछ। म बूढी पनि भइसकें। नातिको अनुहार हेरेर मर्न पाए सुगति जाने थिएं।

यसरी पुरानो किसिमले विचार गरी एक दिन छोरालाई बोलाएर भनिन्- छोरा! तिमी एक्लै धेरै काम गरी खेतको पनि सबै काम हेर्नु पर्छ। तिमीलाई एकजना साथी भए सजिलो हुनेथियो। त्यसैले बुहारी एकजना भित्र्याउँछु है ?

छोराचाहिँले भन्यो- आमा! के कुरा गर्नुभएको ? म अहिले बलियो छु। काम गर्नलाई गाऱ्हो छैन। मलाई विवाह गरिदिने कुरा नगर्नुहोस्। आमा ! बुहारी ल्याइसकेपछि अहिले यो घरमा जति शान्ति छ, त्यति हुनेछैन। कलह हुनेछ। मलाई पनि धेरै पीर बढ्नेछ। आमा! चूप लागेर बस्नुस्, बुहारी हेर्न जाने काम नगर्नुस्।

यसरी बारम्बार भन्दा पनि आमाचाहिँले मानेनन्। छोराचाहिँ दिक्क भएर भन्यो- आमाले हेरेर जस्तो गर्न मनलाग्यो, त्यस्तै गर्नुस्। बरू पछि पछुताउनु पर्ला, सम्झिराख्नुस्।



Downloaded from http://www.dhamma.digital

आमाचाहिँले एकजना बुहारी खोजेर ल्याइन् । आमाचाहिँलाई खुब खुशी लाग्यो । अब मेरो छोराको आधा काम सजिलो भयो । नयाँ बुहारीले पनि राम्ररी काम गरिन् । भन्ने चलन पनि छ, नयाँ कुचोले शुरूमा राम्ररी बधार्छ । त्यस्तै भयो ।

बुहारी ल्याएर एक वर्ष जति हुनलाग्यो । सासु र बुहारी बीचमा कलह आउन थाल्यो । कस्को दोष ? उसले उसको दोष, उसले उसको दोष भन्ने ।

आमाले छोरालाई भन्ने- तिम्रो स्वास्नी राम्रो भएन ।

स्वास्नीचाहिँले भन्छिन्- आमा राम्रो भएन ।

छोराचाहिँले कसको कुरा सुन्ने ? विवाह गर्दिनं भन्दा भन्दै विवाह गरिदिए । त्यही मात्र कुरा सम्झेर पनि छोराचाहिँलाई आमा देखेर धेरै रिस उठ्यो ।

स्वास्नीचाहिँले यही मौका पारेर भनिन्- ती त्यस्ती बूढीसँग बस्न सक्दिनं, सधैं झगडा मात्र गरेर बस्नुपर्ने पनि जीवन हो र ? भनेजस्तो चाहिने बूढी । आफूले भनेजस्तै हुनुपर्ने बूढी । बूढीलाई घरबाट निकालेर पठायो भनेमात्र यो घरमा शान्ति हुनेछ ।



Downloaded from http://www.dhamma.digital

छोराचाहिँलाई पनि विहानैदेखि कच्कच् मात्र, झगडा मात्र हेर्नुपर्दा वाक्क र दिक्क भइसकेको थियो। विचार गऱ्यो, यो बूढीले आफै दुःख बनायो। आफैले खनेको खाल्डोमा आफैं खस्ने भयो। एकपल्ट त दुःख पनि भोगाउनु पर्छ।

आमासँग रिसाएर छोराले तिनलाई घरबाटै बाहिर निकालिदियो। आमाको पाटीमा बाश भयो। मागी मागी खानुपर्ने भयो। विवाह गर्दैन भन्दा भन्दै बिवाह गरिदिएं। स्वास्नीको कुरा सुनेर छोराले यसो गर्ला भनेर के थाहा ? छोरामा धर्म मऱ्यो।

यता घरमा छोरा र बुहारीलाई खुशी भयो, आनन्द भयो रे। कुरा चल्यो रे, बूढी भएसम्म घर नर्कभैं थियो। बाहिर निस्केदेखि स्वर्गभैं भयो। कस्तो आनन्द भयो।

यस्तो भनिरहेको अरूले सुन्यो। यही कुरा पाटीमा बस्दै गरेको बूढीलाई सुनायो।

बूढीलाई छोरा र बुहारीको कुरा सुनेर बोक्सी चढेजस्तै जाग्न थालिन्- ए! आमालाई घरबाट निकालेर



Downloaded from http://www.dhamma.digital

उनीहरूलाई आनन्द भयो, स्वर्गभैं भयो, होइन ? धर्म मऱ्यो। धर्म मऱ्यो। अब भने धर्मलाई श्राद्ध गरे पनि भयो।

यस्तो भनी माटोको भाँडोमा फूल आदि सामान राखी धर्म मऱ्यो, धर्म मऱ्यो, धर्मलाई श्राद्ध गर्नुपऱ्यो भनी बहुलायी भैं कराउँदै मशानतिर गइन्।

एकजना मानिसले तिनको पछि पछि गएर कुरा सुनेर विचार गर्न थाल्यो- यी बूढी आमै बहुलायी नै भयो कि ! हेर्दाखेरि त बहुलायी होइन, दुःखीभैं देखिन्छ। हावामात्र फुस्केको हो कि !

उसले सही कुरा पत्ता लगाउन सकेन। तिनको नजिकै गएर सोध्यो- आमै ! के भनी कराउनु भएको ? के भयो आमालाई ?

तिनले भनिन्- धर्म भनेको छैन, धर्म मऱ्यो। अब धर्मलाई श्राद्ध गर्न जान लागेको।

त्यो पछि पछि गइरहेको मानिसले सोध्यो- आमै ! किन धर्म मऱ्यो भन्नु भएको ?



Downloaded from http://www.dhamma.digital

बूढीले जवाफ दिइन्- त्यही त ! आफैले जन्माएको छोराले स्वास्नीको कुरा सुनेर मलाई घरबाट बाहिर निकालिदियो। त्यति मात्र हो र ? आमालाई घरबाट निकालेदेखि उसलाई खुशी भयो, आनन्द भयो रे ! नर्कबाट स्वर्ग पुगेजस्तै भयो रे ! धर्म मऱ्यो होइन त ? आमालाई निकालेर आनन्द ! त्यसैले धर्म मऱ्यो, श्राद्ध गरे पनि भयो।

त्यो मानिसले भन्यो- आमै ! छोरा चण्डाल पापी भयो, होइन र ? त्यसो भए, आमैको त्यो दुष्ट छोरालाई म मारिदिन्छु है ?

यति कुरा सुन्ने बितिकै बूढीले भनिन्- मेरो छोरालाई नमार। मार्ने कामचाहिँ नगर बा !

अनि त्यो मानिसले भन्यो- आमै ! किन ? धर्म मऱ्यो भनेको होइन ? आमालाई घरबाट निकाल्ने छोरा देखेर कसरी माया लागेको ? त्यो दया माया भएको नै धर्म हो। त्यसैले धर्म मरेको छैन। धर्म मरेको भए आमालाई कसरी छोराको माया लागेको ? किन छोरालाई नमार भन्नुभएको ? धर्म मरेको छैन, धर्म छ। धर्म मरिसकेको



Downloaded from http://www.dhamma.digital

भए आमालाई निकाल्ने छोरालाई मारे पनि हुन्छ भन्नुपर्ने। धेरैसँग धर्मको चेतना हराइसकेको छ तर कोही कोहीमा धर्मको चेतना बाँकी छ, एक दुई जनासँग धर्म नहुँदैमा धर्म मऱ्यो भन्नु ठीक होइन।

उता घरमा छोराको पनि बच्चा जन्म्यो। छोरामात्र जन्मिनासाथ उसलाई एउटा अनौठो स्नेह, ममता र मायाको अनुभव भयो। म जन्मिँदा पनि मेरो आमालाई कति मात्र खुशी भयो होला। अहो ! मैले स्वास्नीको कुरा सुनेर आफ्नी आमालाई घरबाट निकालेर पठाएछु। मैले नहुने पाप कर्म नै गर्न पुगें।

यस्तो विचार गरी उसलाई पश्चाताप लाग्यो। अब पनि समय छ, म मेरी बूढी आमालाई घरमा ल्याएर सेवा गर्नेछु भनी बाहिर गएर आफैले निकालेको आमालाई खोज्दै हिँड्न थाल्यो। एकजनाले भन्यो- तिम्रो आमा बहुलाथी भएर कराउँदै खोलाछेउको मशानमा धर्मलाई श्राद्ध गर्नुपऱ्यो भनी गएकी छिन्।

ऊ त्यहाँ गएर आमाको खुट्टामा परेर क्षमा माग्दै



Downloaded from http://www.dhamma.digital

भन्यो- आमा ! मलाई माफ गरिदिनुस् । मैले ठूलो अपराध गरें । अब घर जाऊँ । धन्दा मान्नु पर्दैन । मैले जोशमा होश गुमाएर त्यसो गर्न पुगें । अब फेरि कहिल्यै पनि यस्तो हुनेछैन । घर जाऊँ ।

अनि त्यो मानिसले भन्यो- आमा ! धर्म मऱ्यो भनेको अब के भयो त ? धर्म मरेको भए छोराले आमालाई खोज्दै लिन आउँछ त ? क्षमा माग्छ त ? पश्चाताप हुन्छ त ? जहाँसम्म मानिसले आफ्नो गल्ति महसुस गर्छ, पश्चाताप हुन्छ, तबसम्म धर्म मरेको छैन भनेर जान्नुहोस् आमा । एक दुई जनासँग धर्म नहुँदैमा धर्म मऱ्यो भन्नु हुँदैन, धर्म मरेको छैन ।

मानिसमा लोभ चेतना भयो भने धर्मको चेतना हुँदैन, इमान्दार हुँदैन । स्वार्थसिद्ध गर्नमात्र खोज्छ । अनि आआफै परस्पर साथीले साथीलाई, दाजुले भाइलाई विश्वास गर्दैन । धर्म हराउँदै जान्छ । धर्म छैन भन्नुको कारण एउटा यहाँ उल्लेख गरूँ ।



Downloaded from http://www.dhamma.digital

# पापबुद्धि र धर्मबुद्धि

पहिला पहिलाको कुरा हो। एउटा गाउँमा पापबुद्धि भन्ने र धर्मबुद्धि भन्ने दुई जना साथीहरू थिए। पापबुद्धि भन्ने बुद्धि नभएको, बदमास थियो, अनि स्वार्थी पनि थियो।

उसले एक दिन विचार गर्‍यो, पैसा नभइकन आफन्त र साथीहरूले पनि विश्वास गर्दैन। पैसा कमाउनको लागि आफूसँग बुद्धि छैन। धर्मबुद्धि एकजना साथी छ। उसमा बुद्धि छ, काम जान्छ, आँट पनि छ। त्यही साथीसँग मिलेर व्यापार गर्न गएं भने पैसा कमाउन सकिन्छ।

ऊ सरासर धर्मबुद्धि साथीकहाँ गएर भन्यो- साथी! तिम्रो पनि बालबच्चा छ, मेरो पनि बालबच्चा छ। खर्च धेरै चाहिन्छ। आजभोलि सबै महंगो छ। पैसा भएन भने टोलमा पनि इज्जत छैन। धर्म गर्ने ठाउँमा पनि मान छैन, ठाउँ छैन। अब हामी दुई जना आधा आधा पैसा हालेर टाढा गई व्यापार गर्न जाऊँ।



Downloaded from http://www.dhamma.digital

धर्मबुद्धिलाई पनि पापबुद्धिको कुरा चित्त बुझ्यो। दुबैले हजार हजारभन्दा बढी रूपियाँ हालेर दुबै व्यापार गर्न गयो। धर्मबुद्धिले मानिसहरूलाई चित्त बुझ्ने गरी कुरा गर्न जान्छ। अल्छि छैन। व्यापार निकै चल्यो। पैसा भित्रियो। धेरै आम्दानि भयो। आफूहरूले लगेको मालसामान सबै सिद्धियो। पैसा धेरै नै कमाएर आफ्नो घरतिर फर्किन थाले।

पापबुद्धिको मनमा पापी विचार आउन थाल्यो। धनमा तृष्णा उत्पन्न भयो। उसले विचार गर्नथाल्यो, यो पैसा कसरी आफ्नो हातमा पार्ने हो ? बाटोमै खाल्डो खनेर धन राखेमा मैले लिन पाउनेछ।

यस्तो विचार गरी उसले धर्मबुद्धि साथीलाई भन्यो- साथी ! तिमीलाई थाहा छ, पैसा भनेको धेरै भयो भने सबैको आँखा जान्छ। हाम्रा साथीहरू र आफन्तहरू पनि राम्रा छैनन्। पैसा देख्यो कि यसले पनि लिन आउनेछ, उसले पनि लिन आउनेछ। यति धेरै धन घरमा लिएर जानु ठीक हुँदैन। यहीं जंगलका एकातिर खाल्डो खनेर



Downloaded from http://www.dhamma.digital

गाडिराख्नु पर्ला। चाहिने बेला चाहिने जति धन लिन आउनु पर्ला, हुन्न र ?

धर्मबुद्धि सोझो थियो। उसमा छलकपट थिएन। बोधिचित्त भएको व्यक्ति थियो। उसले भन्यो- हुन्छ साथी ! आधा धन यहीं खाल्डो खनेर गाडिराखौं।

पापबुद्धिको मनमा अब भने भयो भनेजस्तो भयो। आधा धन खाल्डोमा गाडिदियो।

आठ-दश दिन पछि पापबुद्धिले आफ्ना बाबुलाई लिएर खाल्डो खनेर राखेको सबै धन लिएर आयो। दुई हप्ता पछि ऊ धर्मबुद्धि साथीकहाँ गएर भन्न गयो- साथी ! बालबच्चा धेरै छन्। पैसा चाँडै सकियो। जाऊँ, खाल्डो खनेर राखेको धन लिएर आऊँ।

दुबै जना गए। खाल्डो खनेर राखेको ठाउँमा हेर्न गयो। त्यहाँ धन थिएन। अनि पापबुद्धिले तुरुन्त भन्यो- अरे धर्मबुद्धि ! तिमीले त नामलाई नमिल्ने काम गर्‍यौ। यहाँको धन सबै तिमीले लग्यौ, होइन ? म त तिमीलाई छोड्दिनं। मेरो भाग दिन्छौ कि दिन्नौ ?



Downloaded from http://www.dhamma.digital

धर्मबुद्धिले भन्यो- के कुरा गरेको साथी ? त्यस्तो अधर्मको काम गर्ने त के, सपनामा पनि विचार गर्न सक्दिनं । बरु तिमीले नै लिएको होला ।

पापबुद्धिले भन्यो- हामी दुई जना मात्र, यहाँ कोही अरू साक्षी छैन । ऊ त्यहाँको रूखमा देवता छ । त्यहाँ गएर हामी दुबैले झगडाको कुरा भनौं । ती बृक्षदेवताले जस्तो भन्यो, त्यस्तै लिनुपर्छ ।

त्यो फुस्रो रूखमा पापबुद्धिले पहिल्यै बाबुचाहिँलाई कुरा सिकाएर नकली देवता बनाई राखिरहेको रहेछ । धर्मबुद्धि पनि हो त भनी त्यहीं गयो ।

पापबुद्धिले हात जोडी भन्यो- भो बृक्षदेवता ! हामी दुईमा धनको विषयलाई लिएर झगडा भयो । ऊ त्यहाँ खाल्डो खनेर राखेको धन धर्मबुद्धिले लिएर पनि लिएको छैन भन्यो । प्रभु ! न्याय गरिदिनु पऱ्यो ।

रूखबाट नकली देवताले भनेर ल्यायो- त्यो धन धर्मबुद्धिले नै लिएको हो, अरूले लिएको होइन ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि पापबुद्धिले धर्मबुद्धिलाई समातेर धन दिने कि नदिने भन्न थाल्यो ।

धर्मबुद्धिले भन्यो- त्यो रूखमा भएको देवता सकली होइन । असत्य कुरा गर्ने देवता कहिल्यै पनि देवता हुन सक्दैन । परीक्षा गरी हेर्नुपर्‍यो ।

यस्तो भनी उसले रूखको चारैतिर सुकेको घाँस पात हालेर आगो लगाइदियो । आगो दन्दन् बल्न थाल्यो । रूखभित्र बसिरहेको नकली देवता केही समय आगोले पोले पनि सहेर बस्यो । आगोले बेस्सरी पोल्न थालेपछि सहन नसकेर रूखबाट बाहिर निस्केर भन्यो- मेरो छोरा पापबुद्धि नाम जस्तो हो, त्यस्तै पापी हो । पापबुद्धिले नै धन चोरेर लिएको हो, धर्मबुद्धिले होइन । मूर्ख छोराले गर्दा झन्दै मेरो ज्यान गएको ।

यति भनी ऊ त्यहाँबाट भागिहाल्यो ।

पापबुद्धि जस्तो मानिस आजभोलि पनि छ । विश्वासघातको काम गर्ने भएकोले साझेदारीमा व्यापार गर्दा सर्वश्व डुबाएर बस्नुपर्छ, अनि डुब्नेले भन्छ, आजभोलि



Downloaded from http://www.dhamma.digital

धर्म छैन। तर सबै होइन। इमान्दारी साथीहरू पनि धेरै छन्। सबै ठाउँमा बेइमान हुँदैन। यदि सबैतिर बेइमानहरू भए त शान्ति भनेको त कहीं पनि हुनेछैन। धेरै साझा व्यापार गर्नेहरू पनि छन् यहाँ।

दाजु भाइहरू पनि मिलेर बस्नेहरू छन्। अंशभाग लिएर अलग्गै बसे पनि झगडा गर्न नपर्ने गरी भागले पाए जति सम्पत्ति र खेत आदि बाँडेर सन्तोष हुनेहरू पनि छन्। मलाई थाहा भए अनुसार बनेपामा दुई तीन परिवार एक शब्द कराउन नपर्ने गरी अंशबण्डा भएको छ। अलग्ग बसे पनि घर ठूलो बनाउँदा पनि, कौशी राख्दा पनि जोडा मिलाएर बनायो। झ्याल राख्दा पनि जोडा नै बनायो, थोरै पनि अलग्ग बसेको जस्तो देखिदैन। यो सन्तुष्ट भएर बस्न सकेको चिन्ह हो। तसर्थ, धर्म मरेको छैन।



Downloaded from http://www.dhamma.digital

# धर्म बाँकी छ

यो कुरा बुझाउनका लागि आजभोलिको एउटा दुइटा घटना उल्लेख गर्दछु। यो कुरा लेखिरहेको लेखक स्वयम्भूबाट लोकल ट्र्याक्सीमा बसेर शहरतिर जाँदै गर्दा अर्धवैंश र बूढीको कुरा भयो।

एक महिलाले सोधिन्- आमै, आरामै हुनुहुन्छ ?

बूढीले भनिन्- आराम भनुं कि नभनुं, खुट्टा दुख्छ। त्यसैले मोटरमा बसेर आएको। के गर्ने, ७२ वर्षको वैंश पुगिसक्दा पनि आफैले भात पकाएर खानुपर्छ।

तिनले सोधिन्- किन, घरमा कोही छैन र ?

बूढीले भनिन्- छन्, दुई छोराहरू छन्। बुहारीहरू छन्। जागिर खाएर टाढै सरूवा भए। छोरा एकजनामात्र कसरी पठाऊँ ? म मात्र लोग्नेसँग अलग्ग बस्नुपऱ्यो। बुहारीलाई किन अलग्ग राखुं भन्ने विचार गरेर पठाइदिएं। तर कति भइसक्यो, केही पनि खबर छैन। छोराले आमालाई



Downloaded from http://www.dhamma.digital

बिर्स्यो, वास्ता नै राखेन । छोराले आमालाई छोड्नु हुँदैन । के गर्ने, आजभोलि धर्म छैन, नहुने भनेको नै भएन ।

अर्को बूढीले भनिन्- मेरो पनि तीन जना छोराहरू छन् । उनीहरू पनि अलग्गै बसे । तीन जना छोरीहरू छन्, सबै बिवाह गरेर गइन् । एकजनाको जागिर छ । छोराहरूले वास्ता गरेन, छोरीहरू छन् भनी धुक्क बसेको छु तर दुई छोरीहरू मिलेर मसँग बोल्दैन । एकजना छोरीले मात्र मलाई विचार गरिरहेकी छिन् ।

अर्को एकजनाले भनिन्- मेरो त छोराहरू चार जना छन्, चारै जना सुनजस्तै । बुहारीहरू त हिराजस्तै छन् । झगडा भनेको नै छैन । भनेजस्तो छ । जुनै कुरा भने पनि आमाले भनेजस्तो । आमाले हेरेर गर्नुस् भन्छन् । साह्रै रमाइलो छ । त्यसैले धर्म मरेको छैन । धर्म बाँकी छ ।

ट्याक्सी ड्राइभरको पनि मुख चिलाएर आयो । ऊ पनि चूप लागेर बस्न सकेन । उसले भन्यो- मेरो पनि एकजना बूढी आमा छिन् । राम्री एकजना केटी बिवाह



Downloaded from http://www.dhamma.digital

गरेर ल्याएं। ल, एक दुई महिनापछि नै कचूकचू गरेर अलग्गै बस्नुपर्‍यो, बूढी आमासँग बस्न सक्दैन रे। मैले भने, तिमी त तरूनी छौ, राम्री पनि छौ। तिमीलाई अरू केटाहरूले पनि बिवाह गर्नेछन्। तिमी मनलागे आफ्नो ठाउँमा जाऊ। म आफ्नो आमालाई छोड्न सक्दिनं। बूढी आमालाई कसले विचार गर्छ ? भन्दा चूप लागिन्।

अनि अर्को महिलाले भनिन्- भाइ, त्यस्तो कुरा मात्र सुन्न पाउँदा पनि मन आनन्द हुन्छ। त्यस्तो छोरा भएको आमा भाग्यमानी हो। तिमीसँग धर्म बाँकी छ। जय होस्। त्यसैले धर्म बाँकी छ।

अब एकपल्ट भगवान् बुद्धको समयलाई हेरूं। त्यसबेला पनि नमिल्ने मानिसहरू थिए। त्यसबेला पनि धर्म छैन भन्नेहरू छन् किनभने कोही कोही मानिसहरूमा धर्म छैन। म भन्ने अहंकारले गर्दा भएको हो। यो कुरा बुझाउनका लागि बुद्धकालीन एउटा घटना अघि राख्दछु।



Downloaded from http://www.dhamma.digital

# गल्ति नस्वीकार्ने भिक्षु

भगवान् बुद्ध श्रावस्ती अनाथपिण्डिक महाजनले बनाइदिएको जेतवन विहारमा बसिरहनु भएको थियो। त्यसबेला जेतवन विहारमा भगवान् बुद्धका फूपुका छोरा एकजना बूढा भइसकेपछि भिक्षु हुन आयो। उसको नाम तिस्स थियो। उसमा जाति अभिमान र मामाको छोरा भगवान् बुद्ध आफ्नै दाजु हुन् भनी घमण्ड थियो।

ऊ राम्रो राम्रो चीवर लगाई, भगवान् बुद्धलाई प्राप्त भएको मीठो मीठो भोजन आदि खाएर मोटाइराख्यो। आगन्तुक भिक्षुहरू आएर बुद्धलाई भेट्ने बैठकको बीचमा ऊ आसन जमाएर बस्थ्यो। बूढो भिक्षुहरू भयो कि धेरै मान खोजेर बस्ने आशा हुने रहेछ।

एक दिन महास्थविर र स्थविर भिक्षुहरू बाहिर टाढाबाट भगवान् बुद्धलाई भेट्न भनी आए। त्यसबेला तिस्स भिक्षु बूढो र मोटो बैठकको बीचमा बसिरहेको देखेर कोही मान्न योग्य महास्थविर भिक्षु नै होला भनी उनीहरूले वन्दना गरी सेवा गर्नुपर्ने गरे।



Downloaded from http://www.dhamma.digital

एक दिन एकजना युवक भिक्षुले सोध्यो- तपाईको वर्षावास कति भयो ?

भिक्षुहरूको नियमअनुसार पहिलो पटक भेट हुँदा जेठो-कान्छो थाहापाउनको लागि वर्षावास कति भयो अथवा कति वर्ष भयो भनी सोध्छ। भिक्षुहरूको जन्मदेखिको वर्ष गनिदैन। उपसम्पदा भएर वर्षावास बसेदेखिको वर्ष गणना हुन्छ। अनि मोटो तिस्स भिक्षुले भन्यो- म बूढो भइसकेपछि चीवर लगाएको, वर्षावास छैन।

यति सुन्ने बितिकै आगन्तुक युवा भिक्षुले भन्यो- बदमाश, लाज नभएको, अशीक्षित भिक्षु ! त्यति धेरै महास्थविर भिक्षुहरू आउनु हुँदा पनि वन्दना नगरी त्यसै बस्छ, अझ उहाँहरूलाई वन्दना गराई बस्छ।

यसरी भन्दा उसले पनि भन्यो- तिमीहरू कसलाई भेट्न आएको, मलाई चिनेको छ ? तिमीहरूको दाँतै निकालिदिन्छु।



Downloaded from http://www.dhamma.digital

यस्तो धम्की दिई बुद्धकहाँ पुगेर आँखाभरि आँशु राखी भन्यो- यी भिक्षुहरूले मलाई गाली गरे।

भगवान् बुद्धले उसलाई सोध्नुभयो- तिमी कहाँ बसिराखेका थियौ ?

बैठकमा बसिराखेको भन्ने जवाफ दियो। फेरि बुद्धले सोध्नुभयो- महास्थविर भिक्षुहरू आउनु हुँदा वन्दना गरेनौ ? खुट्टा पखाल्न पानी आदि दिएनौ र ?

तिस्स भिक्षुले भन्यो- मैले केही पनि गरिनं।

भगवान् बुद्धले भन्नुभयो- तिम्रो नै दोष हो, क्षमा माग।

त्यो घमण्डी भिक्षुले भन्यो- मलाई गाली गर्नेहरूसँग क्षमा माग्दिनं। गाली गर्नेहरूसँग नै के भनेर क्षमा माग्नुपर्‍यो, माग्दिनं।

यसरी उसले क्षमा नै मागेन। भगवान् बुद्धको समयमा पनि यस्ता अधर्मीहरू हुँदा धर्म छैन भन्छन् तर अहिलेसम्म धर्म बाँकी छ।



Downloaded from http://www.dhamma.digital

# झगडालु भिक्षुहरू

भगवान् बुद्धको समयमा विनयधर अर्थात् नियम मात्र राम्ररी पालन गर्ने एकथरि र कथा मात्र भन्ने, नियममा त्यति ध्यान नदिने धर्मकथिक एकथरि भिक्षुहरू थिए।

यी दुई थरि भिक्षुहरू पनि एउटै विहारमा बसिरहे। दुबै थरि भिक्षुहरूमा अहंकार थियो। विनय नियम राम्ररी समात्नेहरूमा हामी नियममा बस्नेहरू भनी अहंकार थियो।

कथा भन्नेहरूमा पनि हामीले मानिसहरूलाई ज्ञानगुणको कुरा भनेर धर्म प्रचार गरी शिक्षित गराइरहेका छौं, समाज सुधार हुने काम गरिरहेका छौं भनी थाहै नपाउने गरी अहंकार आइरहेको थियो।

एक दिन कथा भन्ने भिक्षुहरूको नाइके भिक्षु चर्पीमा जाँदा पानीको प्रयोगपछि लोटा घोप्टाएर आउन बिर्स्यो।

विनयधर नाइके भिक्षु चर्पीमा जाँदा लोटा घोप्टाएर नराखेको देखेर भर्खरै चर्पी जाने को हो भनी सोध्न थाल्यो।



Downloaded from http://www.dhamma.digital

भिक्षुहरूको नियम अनुसार चर्पीको लोटा जहिले पनि घोप्टाएर राख्नुपर्छ। त्यसैले सोध्न थालेको थियो।

कथा भन्नेहरूको नाइके भिक्षुले भन्यो- भर्खरै चर्पीमा जाने म हुं।

विनयधरले भन्यो- तिमी चर्पीमा गएर लोटा घोप्टाएर नआएकोले तिमीलाई दोष लाग्यो।

अनि कथा भन्ने भिक्षुले क्षमा मागी गल्ति स्वीकार गर्‍यो।

यता विनय नियम पालन गर्ने नाइके भिक्षुहरूले आफ्ना शिष्यहरूलाई भन्यो- फलानो धर्मकथिक भिक्षु कथामात्र भन्न जान्छ, चर्पीमा भएको लोटा एउटा पनि घोप्टाउन जान्दैन। कथा भनेजस्तो नियम पालन गर्न नसक्ने, नियममा वास्ता नभएको।

यस्तो कुरा सुनेर ती शिष्यहरूले उता धर्मकथिकका शिष्यहरूलाई भन्न गए- तिम्रो गुरू राम्ररी कथा मात्र भन्न जान्छ, सानो एउटा नियम पनि पालन गर्न जान्दैन।



Downloaded from http://www.dhamma.digital

उनीहरूले गिज्याएपछि धर्मकथिकका शिष्यहरू पनि आफ्ना गुरूकहाँ गएर सोध्न गए- किन ? के नियम बिग्रियो र ? विनयधरका शिष्यहरू आएर हामीलाई त तिम्रा गुरू चर्पीको लोटा एउटा पनि घोप्टाएर आउन नजानेको भनी गिज्याउन आए।

अनि गुरूले भन्यो- गल्ति भएको हो। मैले स्वीकार गरी क्षमा पनि मागिसकें। फेरि अब आफ्ना चेलाहरूलाई त्यसो भन्यो र ? त्यसो भए त्यो विनयधरै होइन। नियम राम्ररी समातिराखेको भए पनि, नियममा राम्ररी बसिराखेको भए पनि क्षमा मागेर गल्ति स्वीकार गरिसकेकोलाई, माफी दिइसकेकोलाई फेरि उसैले कुरा थप्दै त्यस्तो कुरा गर्ने के नियममा बसेको भयो र ? त्यो विनयधर रहेन।

यति कुरा सुनिसकेपछि धर्मकथिकका शिष्यहरू उता गएर तिम्रा गुरू नियममा मात्र बस्न जान्छ, साँच्चै नियम पालन गर्न जान्दैन रहेछ। हाम्रा गुरूले गल्ति स्वीकार गर्नुभई क्षमा मागिसकेपछि फेरि दोष दिने, क्षमा दिइसकेपछि



Downloaded from http://www.dhamma.digital

फेरि खुट्टा तान्न खोज्ने कस्तो विनयधर ? नाम मात्र, नियम भने केही छैन, अहंकारी।

यसरी अनेक कुराले गिज्याउन, कराउन थाल्यो। यसरी दुबै तिरबाट वचनले युद्ध हुँदै नराम्ररी झगडा भयो। उपासकहरू पनि दुई समूहमा विभाजन भयो। यो कुरा भगवान् बुद्धले थाहा पाउनु भयो। उहाँले भिक्षुहरूलाई बोलाउनुभई भन्नुभयो- तिमीहरू चीवर लगाएर बसेका हौ र ? मरेर जानुपर्ने होइन कि के हो ? तिमीहरू यसरी झगडा गरेर बस्नु ठिक छैन। मिलेर बस।

भिक्षुहरू भने- हाम्रो झगडा हामीले नै मिलाउछौं। तपाई आफ्नो ठाउँमा जानुहोस्।

भगवान् बुद्धले भन्नुभयो-

**परे च न विजानन्ति - मयमेत्थ यमामसे।**

**ये च तत्थ विजाननित - ततो सम्मन्ति मेधगा॥**

अर्थात्- मूर्खहरूले हामी अवश्य पनि एक दिन मर्नुपर्छ भनी विचार गर्दैन। हामी मर्नुपर्छ भनी विचार गर्ने बितिकै झैंझगडा कलह शान्त हुन्छ।



Downloaded from http://www.dhamma.digital

झगडालु भिक्षुहरूले बुद्धको कुरा सुनेनन्। भगवान् बुद्ध जंगलमा जानुभयो। मूर्खहरूसँग बस्नुभन्दा एक्लै बस्नु ठीक छ भनी।

पछि भगवान् बुद्ध जंगलमा जानु भएको कारण भिक्षुहरू झगडा गरिराखेको भनी उपासक-उपासिकाहरूले जानेर एकजुट भई झगडालु भिक्षुहरूलाई भोजन दान दिएन, सम्मान पनि गरेन।

अनि मात्र भिक्षुहरूको होश आयो, झगडा गर्नु हुँदैन भन्ने बोध भयो। झगडा गरिरहेका सबै भिक्षुहरू गएर भगवान् बुद्धकहाँ पुगेर क्षमा माग्न गए। गल्ति पनि स्वीकार गरे। शान्ति भयो। त्यसैले धर्म मरेको छैन।

# सेवा धर्म

भगवान् बुद्धले भन्नुभएको छ, जबसम्म मानिसहरूमा सेवाभाव हुँदैन, तबसम्म धर्म भनेको प्रचार



Downloaded from http://www.dhamma.digital

हुँदैन। यो कुरा स्वयं भगवान् बुद्धले एक अशरण रोगले सिकिस्त भएको भिक्षुको सेवा गर्नुभई भन्नुभएको हो।

एक जना भिक्षु रोगले सिकिस्त हुँदा पनि त्यो भिक्षुलाई कसैले सेवा गरेनन्। ओछ्यानमै दिशा-पिशाब गरी नर्कमा बसेझैं दुःख भोगिराख्यो। भगवान् बुद्धले भिक्षुहरूलाई जम्मा गर्नुभई सोध्नुभयो- किन यो रोगी भएको भिक्षुलाई कसैले पनि वास्ता नगरेको हो ?

भिक्षुहरूको जवाफ थियो- यो एक जना धर्म नभएको भिक्षु हो। ऊ निरोगी हुँदा कसैलाई पनि वास्ता राखेन। उसले हेर्दा ऊ कहिल्यै पनि रोगी हुँदैन जस्तो ठानेको होला। त्यसैले हामीले पनि वास्ता नगरेका हौं।

Dhamma.Digital

भगवान् बुद्धले भन्नुभयो- तिमीहरूमा पनि धर्म रहेन। तिमीहरूले रोगीको सेवा गरेको भए बुद्ध र धर्मको पनि सेवा गरेको हुने थियो।

बुद्धको उक्त उपदेश सुनेर मात्र भिक्षुहरूको धर्म चेतना भएर आयो। धर्म भनेको यस्तो रहेछ भनी जान्यो। सेवा भाव नै धर्म हो भन्ने कुरा पनि बुझ्यो।



Downloaded from http://www.dhamma.digital

# मरेको बालकलाई बचाइदिए

यो कुरा जान्नको लागि १०, १५ वर्ष पहिलेको एउटा घटना प्रस्तुत गर्दछु। काभ्रे जिल्लाको पनौति भन्ने ठाउँमा एक महिलालाई प्रसुति व्यथाले च्याप्यो। बच्चा जन्माउन नसकेर धेरै सास्ति भयो। बनेपाको अस्पतालबाट डाक्टर लिएर गयो। रातको १२ बजे। कम्पाउण्डरको प्रयत्नले त्यहाँ पुऱ्याइदियो। डाक्टर त्यहाँ पुग्दा महिलाले बच्चा जन्माइसकिन्। बच्चालाई एउटा कुनामा फालिराखेको रहेछ।

उनीहरूले डाक्टरलाई भन्यो- बच्चा त जन्म्यो तर बच्चा मरिसक्यो।

डाक्टरले सोध्यो- बच्चा खोई त ?

एउटा कुनामा फालिराखेको बच्चालाई लिएर मुख र आफ्नो मुख जोडेर कति बेरसम्म श्वास दिइरह्यो। एकछिनपछि बच्चाको खुट्टा समाति उठाइदिँदा बच्चा रोएर ल्यायो। त्यो छोराचाहिँ अहिलेसम्म पनि बाँचिरहेको छ।



Downloaded from http://www.dhamma.digital

त्यो बच्चाको नाम पनि अमेरिकन रे ! किनभने त्यो डाक्टर अमेरिकन हो।

त्यो डाक्टरमा धर्म नभएको भए भर्खरै जन्मेको रगतले मुछिएको बालकको मुखमा त्यो डाक्टरले आफ्नो मुख जोड्ला र ? डाक्टरको मुखमा रगत परेको छ रे !

बुद्धजन्मभूमि नेपालमा यहाँका डाक्टरहरूले त्यस्तो सेवा गर्न खोज्नेहरू शायदै मात्र छन्। डाक्टरलाई साँच्चैको देवता सम्झ्यो। यो अलिकति पुरानो भए पनि बुद्धकालीन होइन। अहिले भएको घटना हो। त्यसैले धर्म छ, मरेको छैन।

हामीकहाँ पनि सेवाभाव भएका डाक्टरहरू नभएका होइनन्। गरीबहरूसँग पैसा नलिई औषधि गर्नेहरू पनि छन्। सेवा भाव हुनेहरू छन्। त्यसैले धर्म मरेको छैन।

एक दिनको कुरा हो। हालसालैको कुरा ! एकजना युवक मोटरसाइकल चढेर अरनिको राजमार्ग गइराख्दा भक्तपुरमा पुग्दा दुर्घटना भयो। त्यसबेला डाक्टर एकजना



Downloaded from http://www.dhamma.digital

मिनिबसबाट गइरहेको रहेछ। उसले मिनिबसबाट ओर्लेर बेहोश भइसकेको युवकलाई भक्तपुर अस्पतालमा पुऱ्याई आफैले घाऊ सफा गरी उपचार गरी होशमा ल्याइसकेपछि उसबाट घरको ठेगाना लिई घरमा खबर पुऱ्याएर उसको ज्यान बचाइदियो।

यो पनि सेवा धर्म हो। त्यसैले धर्म मरेको छैन।

अर्को एउटा घटना पनि हेरूँ। बनेपाको कुरा हो। मध्यरातको समयमा बच्चा जन्माउन नसकेको अथवा प्रसुति व्यथाले च्यापेको एक जना महिलालाई अस्पतालमा लानुपऱ्यो भनी एक जना कम्पाउण्डरलाई बोलाउन गयो। गरीबको व्यथा सम्झेर धर्म देखेर यता उताबाट मोटर खोज्न गयो। मोटरवालाले जान मानेन। दुई सय दिन्छु भन्दा पनि मानेन। बल्ल एकजना ड्राइभरले दुई सय लिएर मोटर लिएर आयो।

अस्पतालमा लग्यो। रगत धेरै झरिसकेको कारणले पेत चिर्न मिलेन। रगत नपुगेको रहेछ। पेत नचिरिकन बच्चा नजन्मने भयो। रगत दिने कोही भएन।



Downloaded from http://www.dhamma.digital

डाक्टरले आफ्नै रगत लिएर हेर्दा पनि मिलेन। डाक्टरले सुतिराखेको आफ्नो श्रीमतीलाई उठाएर रगत चाहियो भनी निकालेर हेर्दा मिल्यो। उसैलाई रगत चाहियो भन्यो। महिलाको प्रसुति वेदना बच्चाको आमा भइसकेको महिलाले मात्र सहीरूपमा जान्छ। डाक्टरको श्रीमतीले रगत दियो। महिलाको पेत चिरेर बच्चा निकाली ज्यान बचाइदियो। यो डाक्टर पनि अमेरिकन नै थियो।

फेरि, सेवाभाव भएको नेपाली कम्पाउण्डरले दुई सय दिएर मोटर लिएर नदिएको भए महिलाको घरमै मृत्यु हुने थियो। त्यो वैद्य कम्पाउण्डरले भनेको छ, सेवा गरेर बसेको मेरो एउटै मात्र इच्छा र आशा छ, मरिसकेपछि सबैले फलानो धर्म चेतना भएको मज्जाको मानिस मरेर गए, हाय ! हाय !! भनाउनको लागि हो। फलानो एकजना अलच्छिन व्यक्ति मरेर गयो, राम्रो भयो, आनन्द भयो भनाउनको लागि होइन। नाम प्रचार गर्न पनि मन लाग्दैन। औषधि पनि चाहिने जति प्रबन्ध गरिदिए तर नाम प्रचार गर्न मनलाग्दैन रे। यस्तो भनेको पनि धर्म भएर हो। त्यसैले धर्म बाँकी छ। धर्म मरेको छैन। त्यो कम्पाउण्डर अब रहेन।



Downloaded from http://www.dhamma.digital

# खुल्ला मनले दान दिने राजा

राजा हुनु भनेको एउटा ठूलो सुख भनिन्छ। धेरै नै मोजले बस्न पाउने जीवन। त्यसैले राजालाई केही पनि दुःख हुँदैन जस्तो लाग्छ।

भगवान् बुद्धको अनुभव अनुसार सुख र दुःख आआफ्नो कर्म अनुसारले हुने हो। आआफ्नो हातमा अथवा मनमा दुःख पनि सुख पनि लुकेर बसेको हुन्छ।

कथाका पुस्तक हेर्दै जाँदा राजाहरूलाई पनि दुःख छ, पीर छ, भय छ। भद्दिय भन्ने शाक्य कुलको राजा एकजना भिक्षु भएर जंगलमा बसिराख्दा एक्लै कराइराख्यो- अहो सुख! अहो सुख!! कस्तो आनन्द!

यसरी कराइरहेको सुनेर भिक्षुहरूले विचार गरे, भद्दिय भिक्षु राजदरबारको कुरा सम्झेर, अहो सुख भनिराखेको होला।

उनीहरूले भगवान् बुद्धलाई यो कुरा सुनाए। भगवान् बुद्धले भद्दिय भिक्षु बोलाएर सोध्नुभयो- के तिमीले



Downloaded from http://www.dhamma.digital

राजदरबार सम्झेर अहो सुख भनिराखेका हौ ?

उसले जवाफ दियो- भन्ते, होइन। मलाई भिक्षु भएर जंगलमा बसिरहँदा राम्ररी निन्द्रा आयो। भय भनेको केही पनि छैन। म राजा हुँदा कहीं बाहिर जानुपर्दा एक्लै जान डर लाग्थ्यो। आफूले भनेको ठाउँमा जान पाउँदैनथ्यो। स्वतन्त्र थिएन। कसैले खानेकुरा ल्याएर दिंदा पनि खान डर लाग्थ्यो। अब भने त्यस्तो केही त्रास, भय र शंका लिनुपर्ने छैन। मलाई त भिक्षु भएर साऱ्है आनन्द आयो। त्यसैले जंगलमा अहो सुख भनी कराइरहेको हुँ।

यसबाट थाहा हुन्छ, राजा भएर पनि चित्त सुख छैन। जनताको हित र सुख हुने काम गर्न सकेमात्र राजाको सुख हुन्छ भनी राजोवाद सूत्रमा भगवान् बुद्धले भन्नुभएको छ।



Downloaded from http://www.dhamma.digital

# शुद्ध मनले दान दिएको फल

पहिला पहिलाको कुरा हो। राजा एकजना साह्रै दिक्क भएर झ्यालबाट बाहिर हेरेर बसेका थिए। त्यसबेला हिमालयबाट प्रत्येकबुद्ध एकजना नून र अमिलो खानको लागि भिक्षा आउनुभयो। राजालाई उक्त पहेंलो वस्त्र लगाएर आएको भिक्षुको शान्त स्वभाव देख्ने बितिकै गर्मी बेला शीतल हावा आएझैं मनलाई शीतल बनाइदियो। राजाले ती प्रत्येक बुद्धलाई बोलाउन पठाएर आफूले खानलाई जोडिराखेको भोजन दान दियो। उहाँ पात्रमा भोजन लिनुभई बाहिर गएर एउटा पाटीमा बस्नुभई भोजन गर्नुभयो।

त्यो पाटीमा लोग्ने स्वास्नी दुई जना माग्नेहरू पनि बसिरहेको थियो। प्रत्येकबुद्धले खाइरहनुभएको भोजनबाट साह्रै मीठो हुने बाश त्यहाँ आइरह्यो। ती दुबैको मुखमा र्‍याल आयो, चुक् चुक् भयो, कस्तो मीठो भोजन, खान पाए, स्वाद लिन पाए, हेर्न पाए हुन्थ्यो जस्तो विचार आउन थाल्यो। सँगै गएर भन्यो- महात्मा जी ! हामीलाई पनि दुई गाँस भात दिनुहुन्छ कि ?



Downloaded from http://www.dhamma.digital

प्रत्येकबुद्ध न पर्नुभयो, हामी जस्तो कञ्जुस होइन। दुबैजनालाई उहाँले एक एक मुठ्ठी भात दिनुभयो। उनीहरूले पाउने बितिकै मुखमा राख्दा जाँडो समयमा आगो तापेझैं आनन्दको महसुस गऱ्यो। कहिल्यै त्यस्तो मीठो खान पाएको थिएन। कति मात्र मीठो, कहाँबाट ल्याएको होला ?

सँगै गएर सोध्यो- महात्मा जी ! यो भोजन कहाँबाट लिएर आउनु भएको ?

जवाफ आयो- राजदरबारबाट स्वयं राजाले दान दिएर ल्याएको।

अहो ! राजाको भोजन ! यस्तो भोजन राजाले खाने रहेछ। प्रत्येकबुद्ध फर्केर जानुभयो। उनीहरू मीठो खाएको मात्र सम्झेर सक्सक् भएर बस्यो। चुरोट र रक्सी खानेहरूको मुख सुकेर सक्सक् लाग्नेझै हुनथाल्यो।

ती माग्ने दुबैमा कुरा चल्न थाल्यो, यस्तो मीठो खाना फेरि एक पटक खान पाए हुन्थ्यो। राजाको भोजन



Downloaded from http://www.dhamma.digital

कहाँबाट पाउनु ? माग्न गए पनि हामीलाई दरबारमा भित्र छिराउँदैन। हामी माग्नेहरू।

स्वास्नीचाहिँले सल्लाह दिइन्- पहेंलो वस्त्र लगाएर गयो भने दरबारमा छिराउँछ नि।

लोग्नेचाहिँले भन्यो- तिमी महिला भएर पनि मभन्दा बुद्धि भएको रहेछ। म पसलमा गएर पहेंलो कपडा किनी लगाएर जानेछु।

दुई जनामा कुरा भएअनुसार लोग्नेचाहिँ पहेंलो वस्त्र लगाई दरबारमा गयो। राजाले पहिलाकै सकली भिक्षु ठानी मान गरी आफ्नो भोजन दिएर पठायो। राजाको विचार, एक दुई चोटि सत्संगत गर्नको लागि उहाँको ठाउँ जानिराख्नु उचित हो।

यस्तो विचार गरी उनले मन्त्री र राजकुमार दुबैलाई बोलाएर आज्ञा भयो- ती महात्माजी कहाँ बस्नुहुन्छ, आश्रमको ठाउँ एकचोटि हेरेर आउनू।

राजकुमार र मन्त्री दुबै जना भिक्षुको पछि पछि गए। त्यो त कहाँको भिक्षु थियो र ? माग्ने थियो। पाटीमा



Downloaded from http://www.dhamma.digital

पुग्नेबितिकै स्वास्नीचाहिँले पात्र खोसेर लिइन् । भिक्षु भएर आएकोले पहेंलो वस्त्र एकातिर फालिदियो । दुबैले मीठोसँग खाना पकापक खान थाल्यो ।

मन्त्री र राजकुमार त्यो देखेर दुबै जना लाटो भयो । एकछिनपछि दुबैमा कुरा भयो, यो त माग्ने पो परेछ, कहाँको भिक्षु ?

मन्त्रीले भन्यो- राजकुमार, अब के गर्ने ?

राजकुमारले भन्यो- माग्ने मान्छे भन्ने नि ।

मन्त्रीले भन्यो- ए, त्यस्तो भन्नु हुँदैन । त्यस्तो भन्यो भने राजाको मन बिग्रिन्छ, बडो श्रद्धाले दान दिएर मन प्रशन्न बनाइरहेको राजालाई त्यस्तो भन्नु हुँदैन । पुण्य सबै हावाले उडाएर अधर्म बन्छ ।

राजकुमारले सोध्यो- अब के गर्ने त ?

मन्त्रीले भन्यो- पाटीमा पुग्ने बितिकै पहेंलों वस्त्र लोप भएर गयो भन्ने नि ।

ती दुबैजना दरवारमा फर्केर गए । राजाले सोध्दा



Downloaded from http://www.dhamma.digital

मन्त्रीले जवाफ दियो- हामी दुबैजना ती भिक्षुको पछि पछि गएका थियौं । ती भिक्षु फलानो पाटीमा पुग्दा पहेंलो वस्त्र लोप भएर गयो ।

यो कुरा सुनेर राजाले भन्यो- तिमीहरू पछि पछि आएकोले खान अप्ठ्यारो भएर अन्तर्धान हुनुभयो होला । अहो ! ठूलै भिक्षुलाई मैले दान दिएं । अहो मेरा भाग्य !

राजा साह्रै खुशी भयो । आफूले दान दिएको मात्र सम्झी मन सन्तुष्ट बनाइराख्यो । एक दिन प्राण त्याग गर्ने बेलामा त्यही पुण्य मात्र सम्झेर मन प्रशन्न बनाई मरेर सुगति पुग्यो । सबैले जानेको भाषामा भन्ने हो भने स्वर्गमा पुग्यो ।

छोरा राजकुमार राजा भयो । त्यसबेला पहिलाकै प्रत्येकबुद्ध फेरि भिक्षामा आउनुभयो । राजाले झ्यालबाट हेरिरहेको समयमा पर्‍यो । ती भिक्षु आइरहेको देख्ने बितिकै उसले विचार गर्‍यो, माग्ने मान्छे आयो । मेरो पितालाई ठगेझैं मलाई पनि ठग्ने विचारले आएको होला । पख्, यसलाई त ।



Downloaded from http://www.dhamma.digital

उसले सिपाही बोलाएर भन्यो- जाऊ, त्यो आइरहेको भिक्षु ठग हो, त्यसलाई पिटेर पठाइदेऊ।

सिपाहीहरू! राजाको आदेश पाउने बितिकै तुरून्त कारवाही गर्नेहरू! आज्ञा दिनेसँग पनि विवेकबुद्धि (धर्म) भएन, सिपाहीहरूसँग पनि धर्म भएन। सिपाहीहरू गएर प्रत्येकबुद्धलाई नमज्जासँगै पिटे।

प्रत्येकबुद्धले विचार गर्नुभयो, यिनीहरूले त मार्न नै लाग्यो। म मर्ने बेला भएको छैन। गर्नुपर्ने काम बाँकी नै छ।

उहाँ आफ्नो मानसिक बल शुद्ध मनले ऋद्धिद्वारा उडेर जानुभयो। मानसिक शक्तिको चमत्कार मन अशुद्ध, मानसिक कमजोरी हुनेहरूले हेर्दा ख्यालख्यालैको कुराफै लाग्छ। यो मन शुद्ध गर्ने अभ्यास हुनेहरूले मात्र बुझ्ने कुरा हो।

राजाले प्रत्येकबुद्ध उडेर जानुभएको देखेर दुइटै हात टाउकोमा राखी मैले नहुने पापकर्म गर्न पुगें, मैले त त्यो माग्ने पो भन्ठानेको, सकली भिक्षु पो परेछ।



Downloaded from http://www.dhamma.digital

नहुने पापकर्म गर्न पुगें भनी पश्चाताप गरी मनमा दुःख गरी पापले पोलाएर बस्यो। मनमा शान्ति भएन। सधैं आफ्नो कुकर्म मात्र सम्फेर मन बिगारी चित्त दुखाएर बस्यो। यही पीरले निन्द्रा लागेन। खान मन लागेन। मानसिक रोगले ग्रसित भई मर्नुपर्‍यो। नराम्रो कर्म मात्र सम्फेर मरेकोले दुर्गतिमा गयो।

बाबुचाहिँमा धर्म छ, छोराचाहिँमा धर्म छैन। त्यसैले धर्म गर्नुपर्छ। धर्म मरेको छैन। मर्ने बेला आनन्दले मर्न पाए राम्रो हो।



Downloaded from http://www.dhamma.digital

# बदमास शाक्य पछि राम्रो भयो

भगवान् बुद्धको पालामा धेरैले उहाँलाई चिन्दैनन् । चिने पनि अनुहार हेर्न मन नपराउनेहरू पनि थिए । कसैलाई बुद्धको अनुहार हेर्न मन नलाग्नुको कारण हो, उहाँले कथा भन्नुहुँदा मोज गर्नुहुँदैन, त्याग चेतना चाहिन्छ भन्नुभएको कुरालाई बुझ्न नसकेर ।

अरूको कुरा त एकातिर राखौं, भगवान् बुद्धका आफन्त शाक्यहरू मध्ये पनि उहाँलाई गाली गर्ने, मन नपराउने सरकानि भन्ने शाक्य एकजना थिए ।

ऊ एकजना रक्स्याहा र बदमास थियो । अरूलाई तर्साएर मात्र बाँचिराखेको । ऊ देखेर सबै डराउँछ । अगाडि केही भन्न सक्दैन, पछाडि पछाडि मात्र मानिसहरूले उसलाई रक्स्याहा भनेर गाली गर्दथे ।

त्यस बेला भगवान् बुद्ध शाक्यहरूले बनाइराखेको निग्रोधाराममा बसिरहनु भएको थियो । धेरै शाक्यहरू भगवान् बुद्धकहाँ आएर कथा सुनी अभिमानी र ठूला



Downloaded from http://www.dhamma.digital

हुनेहरू कोमल भएर आए। भोक्कीहरू नरम भए। रक्स्याहाहरू पनि भट्टि पसल जान छोडेर आचरण राम्रो बनाए। यसले गर्दा सरकानि शाक्यका साथीहरू भन् भन् घट्दै गयो। साथीहरूले सल्लाह पनि दिन्थे, एक दुई पटक भगवान् बुद्धकहाँ गएर कथा सुन्न गए पनि हुन्थ्यो।

उसलाई भने तथागत बुद्धको नाम पनि सुन्न मन लाग्दैनथ्यो। कुल नाश गर्न आएको, मानिसहरूलाई मोज गर्नु हुँदैन भन्नेकहाँ पनि जान्छु र! भन्थ्यो।

पछि साथीहरूमा कुरा भयो, यसलाई एक पटक भगवान् बुद्धकहाँ पुऱ्याउनु पऱ्यो। यसको बानी सुध्रेको छैन। आआफूले महसुस नगरेसम्म कसैले पनि कसैलाई पनि शुद्ध बनाउन सक्दैन। सुधार पनि हुँदैन।

साथीहरूले निर्णय गरे, यसलाई हामीले धेरै कुरा नगर्नु पऱ्यो। पछि त साथी समेत बनाएन। ऊ एक्लो भयो।

सरकानि शाक्य अलि बूढा पनि भयो। ऊ एक्लो पनि भयो। उसको मन अलिकति परिवर्तन भयो।



Downloaded from http://www.dhamma.digital

आआफूले नै भन्नथाल्यो, मलाई मानिसहरूले पत्याउँदैन। अरूलाई पत्याउँछ। अरूले भनिराख्छन्, त्यो सरकानि एकजना बुद्धकहाँ नगएकोले राम्रो छैन, रक्स्याहा, बेस्याहा, मुल्याहा छ। यसरी भनाइराख्नु राम्रो होइन। मिल्दैन। त्यसरी भनाएर बाँच्नु भनेको नरमाइलो हो। भएन, अब म पनि भगवान् बुद्धकहाँ जानुपऱ्यो।

ऊ पनि भगवान् बुद्धकहाँ गयो। त्यसबेला भगवान् बुद्धले उपदेश दिइरहनु भएको थियो।

बुद्धको उपदेश सुनेर ऊ प्रशन्न भइरह्यो। पहिला त बुद्धकहाँ जान मन नलागेको नै घरमा बस्नु हुँदैन र धन कमाउनु हुँदैन भनी कथा भन्नुहुन्छ कि भनेर हो। यहाँ बुद्धले बालबच्चा भएर पनि धन कमाएर सदाचारी हुन सकिन्छ भनी उपदेश दिनुभयो। पैसा कमाई थुपारेर मात्र राख्नु हुँदैन। बरू अरूलाई पतन गराउने काम गर्नु हुँदैन, कुरा गर्नु हुँदैन, मनले अरूलाई बिगार्ने योजना बनाउनु हुँदैन। यो त राम्रो कुरा हो। म आफ्नो कामले अरूलाई दुःख दिइरहें। म बदमाश भएं। म देखेर अरू डराउँछ।



Downloaded from http://www.dhamma.digital

साथीहरूले भनेका हुन्, बुद्धकहाँ एक दुई पटक जानुपर्छ भनेर। मेरा साथीहरूको कुरा सुनिनं। म ढिला भएं। तर पनि बुद्धको संगत भयो। अहिलेसम्म धर्म गरे पनि भ्याउँछ।

बुद्धलाई भेटेको दिनमै सरकानि शाक्यको मन परिवर्तन भयो। धर्म देख्यो। धर्म चित्त भयो। उसले त्यो दिनदेखि बदमासी सबै काम छोडिदियो। भट्टिमा गएर रक्सी खाई मातेर अरूलाई दुःख दिएन। बरू अरूलाई उपकार हुने काम गर्न थाले। सक्दो सहयोग दिन थाले। धेरै नै राम्रो भयो। स्रोतापन्न पनि भयो।

एक दुई महिना पछि त्यो सरकानि शाक्य मऱ्यो। अनि कपिलवस्तुमा भएका, जो कि श्रद्धा नभएकाहरू बुद्धकहाँ गएर सोध्न गए- भन्ते ! सरकानि मऱ्यो, त्यो नराम्रो मान्छेको के गति भयो ?

बुद्धले भन्नुभयो- सरकानि शाक्य स्रोतापन्न भयो, उसको गति राम्रो भयो। ऊ नहुने ठाउँमा पर्न गएन।

बुद्धकहाँ प्रश्न गर्न आउनेहरू बुद्धप्रति श्रद्धा हुनेहरू थिएनन्। उनीहरूले यति कुरा सुनेर बाहिर आएर कराउन



Downloaded from http://www.dhamma.digital

आए- हे दुनियाँहरू! थाहा छ एउटा कुरा ? कति सजिलो छ, जति पाप गरे पनि, मनपरी चलेर हिँडे पनि त्यो मानिस बुद्धको शरण गयो भने स्वर्गमा जाने। देख्यौ, त्यो बदमास सरकानि शाक्य स्रोतापन्न भयो रे, त्यो मरेर सुगतिमा पुग्यो रे। कस्तो स्वार्थी कुरा!

उनीहरूले बुद्धको उक्त कुरालाई नराम्ररी जताततै प्रचार गर्न थाले।

कपिलवस्तुका ठूला नामी एक जना महानाम शाक्य थिए, जो बुद्धका उपासक थिए। उसलाई बुद्धको बिरोधमा प्रचार भइरहेको खबर सुनेर चित्त बुझेन। हो, होइन एकपल्ट सोध्नुपऱ्यो भनी बुद्धकहाँ पुगेर सोध्न गयो- भन्ते! यहाँले सरकानि शाक्यको बारेमा केही भन्नुभएको छ र ?

उहाँको जवाफ थियो- सरकानि शाक्य स्रोतापन्न भयो भनेको छु।

महानाम शाक्यले सोध्यो- कसरी ऊ स्रोतापन्न भयो त ?



Downloaded from http://www.dhamma.digital

बुद्धले भन्नुभयो- त्यो पहिला बदमाश थियो। पछि आफू राम्रो भएन भनी जानी पश्चाताप गरी चरित्र शुद्ध गर्दै लग्यो। राम्रो राम्रो काम गर्दै लग्यो। ऊ राम्रो भयो। उसमा मिथ्यादृष्टि रहेन। अभिमान रहेन। नराम्रो शंका रहेन। त्यसैले मैले यस्तो भनेको हुँ, उसमा धर्मको चेतना भयो।

महानाम शाक्यले यो कुरा राम्ररी बुझेर अरूलाई पनि भन्न गयो, सरकानि शाक्यमा धर्मको चेतना भएको हो।

अनि मानिसहरूले बुझिलिए, मन परिवर्तन भयो भने, राम्रो भयो भने राम्रो ठाउँमा पर्ने रहेछ, सुगति जाने रहेछ। मन नै मुख्य कुरा रहेछ।

मन परिवर्तन नभई, दृष्टि शुद्ध नभई कुनै पनि काम सफल हुँदैन। मन शुद्ध हुनु नै धर्म हो। त्यसैले धर्म मरेको छैन।



Downloaded from http://www.dhamma.digital

# लाज भए धर्म मरेको छैन

एक जना राजाको साह्रै मनपर्ने भिक्षु एकजना थियो। आफ्नै दरवारको बगैंचामा विहार बनाइदियो। ती भिक्षुलाई राजाले दिनका दिन दरबारबाट भोजन दिन पठाउथ्यो। त्यो भोजनमा माछा, मासु आदि मीठो खानेकुराहरू हुन्थ्यो। दरबारबाट ल्याएको भोजन खाँदा खाँदै भिक्षुको मुख बांगियो। मतलब मीठो खानमा पल्कियो।

बुद्धको शिक्षा अनुसार कुनैमा पनि पल्किनु हुँदैन, मात्रालाई नाघ्नु हुँदैन। धेरै आशक्ति भयो भने दुःख हुन्छ भनिन्छ। तर पनि होश नहुँदा मीठो खानमा पल्किन्छ।

त्यो भिक्षुको पनि दिनका दिन माछा मासु खाइराखेको भएर, मासु नराखी भोजन खाएको मीठो लाग्न छोड्यो। हामीकहाँ एकादशी जस्तो दिनमा मासु बेच्नु हुँदैन भन्ने चलन थियो। खानु हुँदैन भन्ने नियम छैन। त्यसैले कुखुरा मारेर पनि खान्छ। भित्र भित्र मासुको पसल छ।



Downloaded from http://www.dhamma.digital

पहिला पहिला पनि एकादशीको दिनमा मासु बेच्नु हुँदैन भन्ने चलन रहेछ। मासु नहुने दिनमा दरबारबाट ल्याउने भोजनमा पनि माछा मासु हुँदैनथ्यो। त्यसैले त्यो भिक्षु मासु नहुने दिनमा नजिकैको पोखरीमा गएर माछा मार्न जाने भयो। त्यसरी माछा मार्न बसेको समयमा दरबारबाट भोजन ल्यायो। दरबारका मानिसहरूले त्यो भिक्षुलाई विहारमा खोज्न थाल्यो। उनीहरूले भिक्षुलाई नजिकै रहेको पोखरीमा माछा मार्न बसेको देख्यो। उनीहरूले भने- ल, कस्तो भिक्षु ! माछा पो मार्न बसेको।

उता त्यो भिक्षु पनि लाज र डरले यताउता हेर्दा दरबारबाट आएका मानिसहरूलाई देख्यो। अनुहार रातो भयो। लाजले लुकीलुकी विहारतिर गयो।

दरबारबाट आएकाहरूले त्यस्ता भिक्षुलाई पनि भोजन दिनु र भन्ने विचारले दरबारमै फिर्ता लगे।

दरबारमा पुग्दा राजाले सोध्यो- विहारमा भिक्षु छैन र ? किन भोजन फिर्ता ल्याएको ?

उनीहरूले भने- महाराज ! त्यो भिक्षु नै होइन। उसले त नजिकै रहेको पोखरीमा माछा पो मारिरहेको।



Downloaded from http://www.dhamma.digital

त्यसैले त्यस्तो भिक्षुलाई पनि भोजन दिनु र भनी हामीले फिर्ता नै ल्याएं।

राजाले सोध्यो- त्यो भिक्षुले माछा मारिरहेको तिमीहरूले नै देखेको हो त ?

उनीहरूले भने- हामीहरूले नै देखेको।

राजाले सोध्यो- त्यो भिक्षुले त्यतिबेला तिमीहरूलाई देखेन त ?

उनीहरूले भने- देख्यो महाराज! हामी मात्र देख्नु बितिकै साह्रै लाज माने। हाम्रो अनुहार पनि हेर्न सकेन। लाजले लुकी लुकी विहारतिर गयो। माथि नै हेर्न सकेन।

राजाले भन्यो- त्यो भिक्षुसँग लाज भनेको छ भने धर्म बिग्रेको छैन। ऊ राम्रै छ। हामीले कस्तो कस्तो नहुने काम गरिराख्छौं। हामीभन्दा धेरै माथि छ ऊ। मान्न योग्य छ। जाऊ, विहारमा गएर ती भन्तेलाई भोजन दिएर आऊ।

यो कथाले के भन्छ भने स्वादमा भुल्नु हुँदैन। नभई हुँदैन भन्नु हुँदैन। भएकोमा सन्तुष्ट हुन नजान्दा कति दुःख भयो।



Downloaded from http://www.dhamma.digital

अर्को मुख्य कुरा हो । भोजन दिन जानेहरूले त्यो भिक्षु देखी मन बिगारे । श्रद्धा गएन । तर राजाको मन बिग्रेन । ऊ लाज मानेको छ भन्ने शब्द सुनेर राजाले विवेकबुद्धिबाट विचार गऱ्यो, त्यो भिक्षु बिग्रेको छैन अथवा बिग्रिदैन । दान दिइराखेकोलाई रोकेन । व्यर्थमा त्यस्तो भिक्षुलाई भोजन गराइरहेको भनी मन दुखाएन । हामीकहाँ भिक्षुहरूलाई दान पनि दिइराख्छन् अनि कुनै गल्ति देखे भने गालि पनि गरिराख्छन् । त्यस्तोलाई दान दिन पुगे भनी चित्त दुखाएर बस्छन् ।

दान दिइसकेपछि व्यर्थैमा दिएं भन्नुपऱ्यो भने दानको कुनै धर्म भएन । भिक्षु दुश्शील भएर पनि दान लिइराख्यो भने त्यसलाई धर्म हुँदैन । तर श्रद्धाले दान दिएकोलाई धर्म लाग्छ ।

बोधिसत्वले दुष्ट र दुश्शीलहरूलाई दान दिएर मनलाई जिती बुद्ध हुने अधिकार बनाउनु भयो । मन बिग्रियो कि धर्म हुँदैन ।

यो कथामा राजाले भिक्षुको बारेमा सुनेर पनि आफ्नो मन नबिगारेको नै धर्म भएको चिन्ह हो ।



Downloaded from http://www.dhamma.digital

## लेखकका नेपालीमा प्रकाशित अन्य पुस्तकहरू

१. नेपाल चीन मैत्री
२. बुद्धवाद
३. बौद्ध दर्शन
४. बुद्ध र व्यवहारिक धर्म
५. पञ्चशील
६. शान्ति
७. नारी हृदय
८. पेकिङ स्वास्थ्य निवास
९. बौद्ध संस्कार (सं.)
१०. बौद्ध जगत्मा स्वास्थ्य सेवा
११. निरोगी
१२. बुद्धको विचारधारा
१३. मैले बुझेको बुद्धधर्म
१४. बौद्ध नैतिक शिक्षा
१५. बुद्ध र बुद्धको संक्षिप्त परिचय
१६. बौद्ध ज्ञान
१७. बुद्ध र बुद्धधर्मको संक्षिप्त परिचय
१८. धर्म चिन्तन
१९. बौद्ध ध्यान (विपस्सना ध्यान)
२०. आर्यसंस्कृति
२१. आर्यशील र आर्यमार्ग
२२. सम्यक शिक्षा (१,२,३)
२५. निन्दाबाट बच्ने कोही छैन
२६. बुद्धकालीन प्रजातन्त्र र समाजवाद
२७. नारीहरूमा पनि बुद्धि छ
२८. बुद्धकालीन संस्कृति
२९. बुद्धकालीन संस्कृति र परिस्थिति
३०. पहिलो गुरु को हुन् ?
३१. बुद्धको संस्कृति र महत्त्व
३२. क्षान्ति र मैत्री
३३. धर्म र हृदय
३४. बोधकथा र बौद्ध चरित्र
३५. कर्म र कर्मफल (अनु. भिक्षु संघरक्षित)
३६. भिक्षु जीवन (अनु. भिक्षु संघरक्षित)
३७. दश संयोजन (अनु. भिक्षु संघरक्षित)
३८. २१ औं शताब्दीमा बुद्धको शिक्षा किन ?
३९. चित्त शुद्ध भए जीवन उज्ज्वल हुनेछ
४०. धर्म जीवन जिउने कला
४१. बुद्धको जीवनोपयोगी शिक्षा
४२. नकली देवता
४३. आमाबाबुको सेवा
४४. बुद्ध र बुद्धको धर्म
४५. समाजको लागि बुद्धको शिक्षा
४६. मानिसलाई असल बनाउने बुद्धको शिक्षा
४७. व्यवहारिक प्रज्ञा (अनु. भिक्षु संघरक्षित)
४८. अमूल्य धन (अनु. भिक्षु संघरक्षित)
४९. बुद्धको चमत्कार
५०. दीर्घायु हुने उपाय
५१. नेपालमा थेरवादी बुद्धधर्मको भविष्य
५२. बुद्धधर्म र संस्कृति
५३. बुद्ध र संस्कृति
५४. धर्म र आचरण
५५. धर्म र ज्ञानको शिक्षा
५६. ज्यानमारा मान्छे असल बन्यो
५७. धर्म उपदेश (१,२)
५९. मेरो चौथो चीन भ्रमण
६०. असल शिक्षा (१,२,३,४,५,६)
६६. धर्म मरेको छैन (अनु. भिक्षु संघरक्षित)



Downloaded from http://www.dhamma.digital

## लेखकका नेपालभाषामा प्रकाशित अन्य पुस्तकहरू

१. गौतम बुद्ध
२. बुद्धया अर्थनीति (संयुक्त)
३. तथागत हृदय
४. त्याग
५. दश संयोजन (सं.)
६. भिक्षुया पत्र (भाग १,२)
८. पेकिङ स्वास्थ्य निवास
९. बौद्ध शिक्षा
१०. न्हापां याम्ह गुरु सु ?
११. माँ-बौ लुमन
१२. हृदय परिवर्तन
१३. बौद्ध ध्यान (भाग १,२)
१५. बाखँ (भाग १,२,३,४,५,६)
२१. भिक्षु जीवन
२२. भिंम्ह मचा
२३. बाखँया फल (भाग १,२)
२५. धम्मचक्कप्पवत्तन सुत्त
२६. क्षान्ति व मैत्री
२७. बोधिसत्व
२८. मूर्खम्ह पासा मज्यू
२९. श्रमण नारद (अनु.)
३०. ईर्ष्या व शंका
३१. चरित्र पुचः (भाग १,२)
३३. योगीया चिट्ठी
३४. पालि प्रवेश (भाग १,२)
३६. धर्म मसीनि
३७. सर्वज्ञ (भाग १,२)
३९. दुःख मदैगु लँपु
४०. शिक्षा (भाग १,२,३,४)
४४. दान
४५. चमत्कार
४६. बुद्धया व्यवहारिक पक्ष धर्म
४७. व्यवहारिक प्रज्ञा
४८. दीर्घायु जुइमा
४९. ज्ञानमार्ग (भाग १,२)
५१. बौद्ध नैतिक शिक्षा
५२. भिंगू बन्धन
५३. मनू म्हसस्केगु गयू
५४. संस्कृति
५५. बुद्धया करुणा व ब्रह्मदण्ड
५६. धर्मया ज्ञान
५७. कर्म व कर्मफल
५८. अमृतदान
५९. मंगल
६०. बुद्ध योग्यम्ह गुरु खः



Downloaded from http://www.dhamma.digital



# भिक्षु अश्वघोषः छोटो चिनारी

- नेपालका ज्येष्ठ भिक्षु, संघनायक
- वि.सं. १९८३ जेठ शुक्लपक्ष त्रयोदशी, ३१ गते जन्म
- १८ वर्ष (सन् १९४४) मा कुशीनगरमा प्रव्रज्या र सन् [illegible] मे महिनामा श्रीलंकामा उपसम्पदा (भिक्षुत्व)
- उपाध्याय गुरु चन्द्रमणि महास्थविर (बर्मिज) र अभिभावक गुरु भिक्षु अमृतानन्द महास्थविर, आनन्दकुटी विहार, स्वयम्भू।
- म्यानमार सरकारबाट "अग्गमहासद्धम्म जोतिकधज" उपाधि प्राप्त
- भाषा थवा, गोरखा दक्षिणबाहु, ज्ञानमाला रत्नवत सिरपाः आदि धेरै सम्मान, पदवी, पुरस्कार तथा अभिनन्दनहरूले सम्मानित व्यक्तित्व
- हजारौं लेख-रचनाका रचनाकार एवं सयौं पुस्तकहरूका लेखक
- संघाराम भिक्षु तालिम केन्द्र, ढल्को तथा ध्यानकुटी विहार, बनेपाका संस्थापक प्रमुख
- आनन्द भुवन विहार, धम्म युथ क्लब नेपाल, युवा बौद्ध समूह काठमाडौं, धर्मकीर्ति अध्ययन गोष्ठी, स्वयम्भू ज्ञानमाला भजन खलः, अमृतोपदेश बौद्ध मासिक (स्थापनाकालदेखि) आदिका धर्मानुशासक
- धर्मकीर्ति पत्रिकाका प्रधान सम्पादक
- श्रीलंका, म्यानमार, थाइल्याण्ड, मलेशिया, मंगोलिया, चीन, भुटान, भारत, लण्डन, रुस, जर्मन, जापान आदि देशहरू भ्रमण।

9 789937 256216

Downloaded from http://www.dhamma.digital